मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक १०७ | २०८० साल फागुन २१ गते सोमबार | Monday 04, March 2024 | सूर्योदय: बिहान ६:२६ बजे | सूर्यास्त: साँझ ६:०८ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## ओलीलाई तयार पारिएको माला पौडेलको गलामा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई जनकपुर विमानस्थलमा दुई सय किलोको मालाले स्वागत गरिएको छ । धनुषाको क्षिरेश्वरनाथ नगरपालिकामा गरिएको प्रथम हक्की महिला प्रतियोगिता समापन समारोहमा प्रमुख अतिथिको रुपमा बोलाइएका नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली आउने तयारी थियो । कार्यकर्ताले विमानस्थलमा ओलीलाई स्वागत गर्न तयार पारेको दुई सय किलोको माला अन्तिम समयमा ओली नआएपछि उपाध्यक्ष पौडेलको गलामा परेको हो । एमाले धनुषा अध्यक्ष राजकिशोर यादवका अनुसार अध्यक्ष ओली आउने कार्यक्रम विशेष परिस्थितिअनुसार स्थगित भएको हो ।

विमानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै पौडेलले वर्तमान सत्ताधारी गठबन्धन आफैँभित्रको समस्याका कारणले चरमराइरहेको बताए ।

उनले गठबन्धन आफ्नै कारणले समेत ढल्ने र वर्तमान सरकारलाई नेकपा एमालेले कुनै पनि हालतमा काँध नथाप्ने बताए । पौडेलले भने, 'आफ्नै अन्र्तद्वन्द्वमा फसेर गठबन्धन समाप्त हुन्छ, यसमा हाम्रो कुनै चासो पनि छैन, एमाले चासोका साथ गठबन्धनको गतिविधि हेरिरहेको छ ।'

उपाध्यक्ष पौडेलले वर्तमान गठबन्धन कुनै उद्देश्य, सिद्धान्त र आदर्शमा आधारित नभई स्वार्थ र लेनदेनमा आधारित रहेको बताए । स्वार्थ र लेनदेनमा आधारित गठबन्धन लामो समयसम्म चल्न नसक्ने उनको भनाइ छ । 'हामी के चाहन्छौँ भने देशलाई स्थिरता, विकास र समृद्धितर्फ लिएर लैजान राष्ट्रको सम्मान र स्वाभिमानका लागि गठबन्धन टुट्नुपर्छ र त्यसलाई अगाडि बढाउन नयाँ आधार तयार हुनुपर्छ,' उपाध्यक्ष पौडेलले भने ।

## दुर्घटनाका नाममा नागरिकको निहत्था मरण
## ७ महिनामा २९४ को मृत्यु, ५,७३२ घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशमा सवारी दुर्घटना बढ्दो छ । दुर्घटनामा ज्यान गुमाउनेको संख्या पनि बढिरहेको छ । चालु आर्थिक वर्षको ७ महिनामा मात्रै सवारी दुर्घटनामा २ सय ९४ जनाको ज्यान गएको छ भने ५ हजार ७ सय ३२ जना घाइते भएका छन् । दुर्घटनामा चालकको लापरबाही नै मुख्य कारण देखिएको छ ।

आइतबार पनि मधेशमा तीन जिल्लाको दुर्घटनाले धेरैको मन खिन्न भएको छ । चालकको लापरवाहीले धनुषाको जनकपुरमा स्कुल बस दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाले जनाएको छ । कार्यालयका अनुसार, मधेश प्रदेशमा सबै भन्दा बढी दुर्घटना हुने जिल्लामा बारा परेको छ ।

चालु आर्थिक वर्षको ७ महिनामा बारामा भएका ५ सय ४८ सवारी दुर्घटनामा ५६ जनाले ज्यान गुमाएका छन् भने ९ सय ५३ जना घाइते भएका छन् । सोही अवधिमा धनुषामा ४६, महोत्तरीमा ४०, सर्लाहीमा ३७, सिरहामा ३३, पर्सा र रौतहटमा ३०–३० जना र सप्तरीमा २२ जनाले सवारी दुर्घटनामा ज्यान गुमाएका छन् । अघिल्लो वर्ष बारामा ९ सय ७२ सवारी दुर्घटना भएका थिए । तिनमा ९८ जनाले ज्यान गुमाएका थिए । यस्तै, धनुषामा ८४, सप्तरीमा ७० जनासहित मधेश प्रदेशका ८ जिल्लामा ५ सय ४६ जनाले सवारी दुर्घटनामा ज्यान गुमाएका थिए ।

दुर्घटनाहरुमा ९ हजार ६ सय ७० जना घाइते भएका थिए । गत आर्थिक वर्ष मधेशमा ५ हजार ९ सय ८८ सवारी दुर्घटनाका घटना भएको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाले जनाएको छ ।

सडक सुरक्षा तथा दुर्घटना न्यूनीकरणका लागि विद्यालय र समुदायस्तरमा सामुदायिक प्रहरी साझेदारी कार्यक्रम र नागरिकका लागि जनचेतनामूलक कार्यक्रम जारी छन् । तर दुर्घटनामा कमी नआएको कार्यालयका प्रहरी नायव उपरीक्षक माधवप्रसाद काफ्लेले बताए । बाराको चुरियामाईदेखि अमलेखगञ्ज–तामागढी–निजगढ २ लेनको साँघुरो सडक खण्ड र भित्री हुलाकी सडक खण्डमा तीव्र गतिमा गुड्ने सवारी साधनका कारण सवारी दुर्घटना धेरै हुने गरेको काफ्लेले बताए ।

दुर्घटना हुने सम्भावित क्षेत्रमा चालकलाई सचेत गर्ने, होडिङ बोर्डलगायतका ट्राफिक सूचक राखिएको भए पनि चालकको लापरबाहीका कारण दुर्घटना हुने गरेको काफ्लेले बताए । गत वर्ष चालकको लापरबाहीका कारण बाराको अमलेखगंजस्थित ३ नम्बर पुलको घुमाउनेमा १५ दिन भित्रैमा एकै स्थानबाट २ वटा बस दुर्घटना हुँदा ३१ जनाको ज्यान गएको थियो भने ६५ जना घाइते भएका थिए ।

### जिपको ठक्करबाट दुईको मृत्यु

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीमा ट्र्याक्टरलाई ठक्कर दिएर भागिरहेको भारतीय नम्बर प्लेटको टाटा सुमो जिपले साइकललाई समेत ठक्कर दिएर पल्टँदा दुई जनाको मृत्यु भएको छ । आइतबार दिउँसो २ बजेर १० मिनेटमा पिपरा गाउँपालिका–१ ढेकाहा बजारस्थित मटिहानी–जनकपुरधाम सडकखण्डमा पिपराबाट मटिहानी जाँदै गरेको मधेश प्रदेश ०१ त ३००९ नम्बरको ट्र्याक्टरलाई सोही दिशाबाट आउँदै गरेको बिआर ०६ पिडी ३३३० नम्बरको टाटा सुमोले ठक्कर दिएर भाग्दै गर्दा जनकपुरधाम आउँदै गरेका साइकल यात्रीलाई ठक्कर दिएर पल्टेको हो । दुर्घटनामा ट्र्याक्टरमा सवार कामदार र साइकल यात्रीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । दुर्घटनामा ट्र्याक्टरमा सवार पिपरा–५ सहोडवाका ६० वर्षीय अकबर राईन र धनुषा, क्षिरेश्वरनाथ नगरपालिका–१ रमदैयाका ६० वर्षीय राजकिशोर यादवको उपचारक्रममा प्रादेशिक अस्पताल जनकपुरमा उपचारक्रममा मृत्यु भएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए ।

यस्तै, ट्र्याक्टरमा सवार पिपरा–५ सहोडवाकै अन्दाजी ६० वर्षीय मोहमद झप्सी कवाडी घाइते भएको र उनको उपचार प्रादेशिक अस्पताल जनकपुरमा भइरहेको प्रवक्ता गिरीले जानकारी दिए । प्रवक्ता गिरीका अनुसार टाटा सुमो र ट्र्याक्टरका चालक फरार भएकाले उनीहरुको खोजी भइरहेको छ ।

## सफाइलगत्तै अर्को भ्रष्टाचारको मुद्दा दर्ता

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
केही समयपूर्व एउटा भ्रष्टाचारको मुद्दामा सफाई पाएका धनुषाका तत्कालीन सहिद नगरपालिकाका नगर प्रमुखविरुद्ध अख्तियार दुरुपयोग अनुसनधान आयोगले अर्को भ्रष्टाचार मुद्दा दर्ता गरेको छ । आयोगले स्यानिटरी प्याड खरिदमा भ्रष्टाचार गरेको दाबी गर्दै धनुषा सहिदनगर नगरपालिकाका तत्कालीन नगरप्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृतसहित नौजनाविरुद्ध विशेष अदालत काठमाडौँ मुद्दा दायर गरेको छ ।

आयोगले सशर्त अनुदानको रकमबाट स्यानिटरी प्याड खरिदको लागि २०७७ फागुन १९ गते रेजा ट्रेडिङ्गसँग खरिद सम्झौता गरे पनि त्यसअघि नै भुक्तानी गरिसकेको आयोगको अनुसन्धानमा खुलेको बताइएको छ । खरिदका लागि शिलबन्दी दरभाउपत्र आह्वान गर्दा आवश्यक स्यानिटरी प्याडको संख्या उल्लेख नगरी विज्ञापन गरेको पाइएको छ ।

राष्ट्रिय दैनिक रेजा टुडे पत्रिकामा सूचना प्रकाशित गरेको कागज तयार पारे पनि त्यहाँ कुनै सूचना ननिकालिएको आयोगले जनाएको छ । प्रक्रिया सञ्चालकसमेतको मिलेमतोमा खरिद कानुनको प्रावधानविपरीत झुट्टा विवरण एवम् सूचना तयार गरी गलत कागजातका आधारमा बदनियतपूर्ण ढंगले खरिद गरी १३ लाख ९३ हजार रुपैयाँ भ्रष्टाचार गरेको आयोगको अभियोग पत्रमा उल्लेख छ ।

आयोगले तत्कालीन नगरप्रमुख उदयकुमार यादव, उपप्रमुख शिलादेवी कापर, तत्कालीन प्रशासकीय अधिकृत शत्रुधन यादवलाई विपक्षी बनाइएको छ । उनीविरुद्ध १३ लाख ९३ हजार ६ सय ८७ रुपैयाँ बिगो दाबी गरिएको छ । त्यस्तै, आयोगले लेखापाल लोकबहादुर नेपाली, जिन्सी शाखा प्रमुख सुदीपकुमार राई, स्वास्थ्य संयोजक कपिल प्रसाद अधिकारी, प्रध्यानाध्यापक श्रीकृष्ण भिनार, तत्कालीन सबइञ्जिनियार सरोजकुमार महतोविरुद्ध मुद्दा दायर गरेको छ । त्यस्तै रेजा ट्रेडिङ्गका प्रोपाइटर एवम् रेजा टुडेका प्रकाशक अकवर मन्सुरविरुद्ध मुद्दा दायर गरेको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

## विवाहको गीत गाइरहेकाहरु किचिएर मारिए

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरमा विद्यालयको बसले महिलालाई किच्दा दुई महिलाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाले दिएको जानकारीअनुसार जनकपुरधाम वडा नम्बर २३ बिन्धिमा विवाहका लागि माटो लैजान महिलाहरु गीत गाउँदै गइरहेको अवस्थामा विद्यालयको बस अनियन्त्रित भएर महिलाको समूहलाई किचेको हो ।



जनकपुरधामस्थित एन्जल्स स्कुलको प्रदेश–२–०२–०१ क–०४३१ नम्बरको बस अनियन्त्रित भई डिभाइडरमा चढ्दा डिभाइडर भएर हिँडिरहेका महिला घाइते भएका छन् । उनीहरु सोही ठाउँमा रहेको भोरील यादवको घरमा विवाहका लागि माटो लिन जाँदै गरेको र केही महिला डिभाइडरमा समेत बसेको अवस्थामा बसले अनियन्त्रण भएर ठक्कर दिएको स्थानीयको कथन छ । जनकपुरधाम उपमहानगरपालिका–२३, बिन्धिकी ३५ वर्षीया राखीदेवी यादव र ५८ वर्षीया देवकली देवी साहको मृत्यु भएको प्रहरीले जनाएको छ । बसको ठक्करले गम्भीर घाइते ६ जनाको उपचार प्रादेशिक अस्पतालमा जनकपुरमा भइरहेको धनुषाका प्रहरी प्रवक्ता, प्रहरी नायव उपरीक्षक रञ्जन अवाले जानकारी दिए । प्रहरीका अनुसार घाइतेमध्ये केहीको अवस्था गम्भीर छ ।

स्कुल बस र चालक प्रहरी नियन्त्रणमा छन् । दुर्घटनापछि बसमा तोडफोडसहित स्थानीयले प्रदर्शन गर्दा केहीबेर अवरुद्ध भएको सडक पीडित र प्रहरीबीच दोषीमाथि कारबाही गर्ने तथा उचित क्षतिपूर्ति दिने सहमतिपछि सुचारु भएको थियो । केही समयसम्म घरमा विवाहको गीत गुन्जिरहेको परिवारमा दुर्घटना र मृत्युका कारण रुवाबासी सुरु भएको छ । स्थानीयवासीले यो बाटो भएर सञ्चालन हुने अधिकांश सवारी साधन अत्यधिक गतिमा चल्ने गरेका कारणसमेत धेरै दुर्घटना हुने गरेको बताए । स्थानीयका अनुसार प्रहरीले अत्यधिक गतिमा सवारी साधन चलाउनेमाथि कारबाही नगरेका कारण दुर्घटना हुने गरेको हो ।

## मधानी महोत्सव भव्य बनाउन जिम्मेवारी बाँडफाँड



**मधेशदृष्टि**
**रौतहट ।**
मौलापुरमा हुन गइरहेको मधानी महोत्सव भव्यरुपमा सफल बनाउन आइतबार जिम्मेवारी बाँडफाँड गरिएको छ । महाशिवरात्रीको अवसरमा पुरातात्विक पतौरा महादेव मन्दिर मौलापुरमा आयोजित मधानी महोत्सव २०८० भव्य बनाउन विभिन्न समिति र उपसमिति गठन गरिएको हो ।

२०७६ देखि पुरातात्विक पतौरा महादेव मन्दिरमा हुँदै आएको मधानी महोत्सव महायज्ञलाई यसपालि पनि निरन्तरता दिइएको छ । यसपटक महायज्ञका साथै विभिन्न खेलतमासा र बलिउड, कलिउडका नायकनायिकालगायत विभिन्न सांगीतिक कलाकारको प्रस्तुति रहने छ । चौथो शताब्दीको पुरातात्विक महादेव मन्दिर विश्व सम्पदासूचीमा सूचीकृत गराउने महासंकल्प अभियान अन्तर्गत भव्यरुपमा तयारी अन्तिम चरमा पुगेको जानकारी दिइएको छ । पूर्वमन्त्री तथा आमजनता पार्टीका अध्यक्ष प्रभु साहको अध्यक्षतामा आइतबार बसेको बैठकले महोत्सवको कार्यक्रम सार्वजनिक गरेको हो ।

फागुन २३ गते दिउँसो ३ बजे शिव बारात यात्रा, २४ गते ११ बजे मधानी विशेष पूजा, २५ गते सांस्कृतिक कार्यक्रम र २६ गते अन्तरराष्ट्रिय दंगल प्रतियोगितामा भारतका ओलम्पिक स्वर्ण पदक विजेता बबिता फोगार्डको उपस्थिति रहने जनाइएको छ ।

यस्तै, सांगीतिक यात्रामा बलिउड सुपरस्टार गोविन्दा अहुजालगायत दर्जनौँ कलाकारले आफ्नो अभिनय प्रस्तुत गर्ने पुरातात्विक पतौरा महादेव मन्दिर मौलापुर मधानी महोत्सव २०८० मूल समितिले जनाएको छ ।



# जनप्रतिनिधिले चासो नदिँदा नगरबासीलाई सास्ती



**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहटको कटहरिया नगरपालिकाका अधिकांश निर्वाचित जनप्रतिनिधिमात्र बजेटको राजनीतिमा लागेको कारण नगरबासी सास्ती खेप्न बाध्य भएका छन् ।दिनभरिनै सवारी साधनको आवागमन जारी रहने कटहरिया बजारको मूल बाटोमा नाला निर्माण गर्न खनिएको खाडल एकमहिना पछि पुरिँदा पनि नाला निर्माण हुन नसकेको कारण नगरबासी सास्ती खेप्न बाध्य भएका हुन्। कटहरिया–५ गाउँदेखि निर्माण हुँदै आएको नाला स्थानीय किराना व्यवसायी सुरेन्द्र साहको पसल अगाडिबाट बढ्न सकेको छैन। वडा अध्यक्ष सर्फलाल गुप्ताको नेतृत्वमा साहको पसल अगाडी नाला निर्माण गर्न एकमहिना अगाडि पेटी ठेकदार उपेन्द्र बैठाले खाडल खनेर ढलान गरी फलामे छड समेत प्रयोग गरेका थिए। तर, पछि वडा अध्यक्ष गुप्ताले उक्त स्थानमा '३६ फिट चौडाई हुनुपर्छ अहिले ३१ फिट मात्र छ' भनेर निर्माण रोक्का गरेका छन्। व्यवसायी सुरेन्द्र साह र सामुने घर भएका शिवशंकर साहले आआफ्नो जग्गा रहेको बाटोमा करिब आठ फिट पर्ने दाबी गर्दै आएका छन् ।

सुरेन्द्र साहले जग्गा थोरै खरिद गरी नक्सा बढी बनाउन नापी कार्यालय मौलापुरमा यकीन गरेपछि मात्र नाला निर्माण गर्ने वडा अध्यक्ष गुप्ताले अडान राखेका छन्।सामुने घर भएका शिवशंकर साहले भने करिब पाँच फिटको हाराहारीमा आफ्नो पक्की घर भत्काई सकेको बताउँछन्। तर एकमहिना बित्दा पनि वडा अध्यक्ष गुप्ताले सुरेन्द्र साहको जग्गा बारे वास्तविक यकिन गर्न सकेनन्।महिनौंसम्म पसल अगाडी खनिएको खाडलमा दुर्घटना हुन थालेपछि केहीदिन अगाडी बाध्य भएर सुरेन्द्र साहले नाला निर्माण नहुँदै खाडलमा माटो पुरेका छन्। पेटी ठेकदार बैठाले पनि बाध्य भएर फलामे छडहरु काटेर लगेका छन् ।

कटहरिया नगरपालिकाका निर्वाचित जनप्रतिनिधि बजेट केन्द्रित भएको कारण जनसरोकारको कामहरूमा ढिलाई भएको स्थानीय जानकारहरुले गुनासो गरेका छन् ।आश्रय निर्माण सेवाले कटहरिया ४ र ५ मा खानेपानीसंगै ढल तथा नाला निर्माणको ठेक्का लिएको छ। करोडौं रुपैयाँको ठेक्काको काम आश्रयले आफैले नगरी साना साना पेटी ठेकदार मार्फत गरिएको कारण पनि भौतिक पूर्वाधार निर्माण समयमा नहुने तथा गुणस्तर माथि प्रश्न उठ्ने गरेको छ ।

# सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकमा सहमति नजिक



**मधेशदृष्टि**
**काठमाडौँ ।**
कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक टुङ्ग्याउन थप समय माग गरेका छन् ।

प्रतिनिधिसभा कानुन, न्याय तथा मानव अधिकार समितिको आइतबारको बैठकमा मन्त्री गुरुङले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक टुङ्ग्याउन तयारी गरेको भए पनि अझै छलफल गर्न आवश्यक भएको बताउँदै समय माग गरेका हुन् । सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगसम्बन्धी विधेयकलाई समितिबाट पारित गर्न केही विषयमा थप स्पष्ट हुनुपर्ने भन्दै मन्त्री गुरुङले समय माग गरेका हुन् । मन्त्री गुरुङले भने, 'पीडितको सहमति नभए अभियोजनमा जाने र अभियोजन गर्दा सजाय कति हुने ? यस्ता केही विषयमा सल्लाह गर्न बाँकी छ ।' कानुनमन्त्री गुरुङले विधेयकमा धेरै विषयमा सहमति भइसकेको भए पनि केही कुरा स्पष्ट हुन जरुरी रहेको बताए ।

नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले सङ्क्रमणकालीन न्यायलाई पीडितले न्याय पाउने गरी आपसमा सहमति गरेर अन्तरराष्ट्रिय मापदण्डअनुसार विधेयक बनाउनुपर्नेमा जोड दिए । उनले भने, 'सङ्क्रमणकालीन न्याय अन्तरराष्ट्रिय मापदण्डअनुसार हुनुपर्छ ।' नेपाल कम्युनिष्ट पार्टी (एमाले) का प्रमुख सचेतक महेश बर्तौलाले सङ्क्रमणकालीन न्यायसम्बन्धी मुद्दामा पीडितले न्याय पाउने कुराको सुनिश्चित हुनुपर्ने बताए । 'सङ्क्रमणकालीन न्यायमा पीडितले न्याय पाउनुपर्छ, द्वन्द्वकालीन कुनै पनि घटनामा नियमित कानुनी व्यवस्थाअनुसार सजाय कम हुनुपर्छ' सांसद बर्तौलाले भने ।

बैठकमा समितिका सदस्यहरु सुशील शर्मा, रञ्जुकुमारी झा, नैनकला थापा, नागिना यादव, सोविता गौतम, सन्तोष परियारले सङ्क्रमणकालीन न्यायलाई जतिसक्दो चाँडो टुङ्ग्याएर पीडितलाई न्याय दिनुपर्ने बताएका थिए । बैठकपछि समितिका सभापति विमला सुवेदीले समितिको आगामी बैठकमा विधेयकका बारेमा उठेका विषयहरु समेटेर तयार पारिएको एकीकृत मस्यौदा पेस गर्ने र पारित गर्ने बताइन् ।

सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकलाई निष्कर्षमा पुर्याउन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी(एमाले)का अध्यक्ष केपी शर्मा ओलीका साथै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग आज छुट्टाछुट्टै छलफल गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकका सन्दर्भमा प्रधानमन्त्रीले प्रमुख प्रतिपक्षी दल एमालेका अध्यक्ष ओली र सभापति देउवासँग छलफल गरेका हुन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकमाथि प्रतिनिधिसभाको कानुन, न्याय तथमा मानवअधिकार समितिमा छलफल हुनु अघि प्रधानमन्त्रीले देउवा र ओलीसँग छलफल गरेका थिए ।

# भ्रष्टाचारविरुद्धको अभियानमा विश्राम लाग्दैनः गृहमन्त्री



**रासस**
**भैरहवा ।**
उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुशासन स्थापनाका लागि सरकारले भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन प्रवद्र्धनका लागि सुरु गरेको अभियानमा विश्राम नलाग्ने बताएका छन् । आइतबार शुद्धोधन गाउँपालिका–५ मानपकडीमा इलाका प्रशासन कार्यालय उद्धाटन गर्दै मन्त्री श्रेष्ठले सीमित साधन र स्रोतका कारण विकास र समृद्धिका क्षेत्रमा गुणात्मक परिवर्तन गर्न नसकिएको बताए । उनले आन्तरिक सुशासन कायम नगरी भ्रष्टाचारको प्रभावकारी नियन्त्रण तथा जनतालाई सहज सेवा प्रवाह हुन नसक्ने स्पष्ट पारे । सरकारले अहिले सुशासन, समृद्धि र सामाजिक न्यायलाई मूलमन्त्र मानी अगाडि बढेको उनको भनाइ थियो । समृद्धिका लागि सुशासन पहिलो सर्त भएकोसमेत उनले बताए ।

विसं २०७९ चैत्र ६ गतेको निर्णयअनुसार इलाका प्रशासन कार्यालय मानपकडीमा राख्ने तय भएको थियो । त्यसको करिब नौ महिनापछि २०८० पुस ३ गते कार्यक्षेत्र विस्तार एवं कार्यालय व्यवस्थापन गर्ने गरी गृहमन्त्रीस्तरको निकाय भएपछि मात्र इलाका प्रशासन कार्यालयको स्थापना गरिएको हो ।इलाका प्रशासन कार्यालय मानपकडीबाट शुद्धोधन गाउँपालिकाको सात वटै वडा, गैडहवा गाउँपालिकाको ९ वटै वडा, सियारी गाउँपालिकाको वडा नम्बर ४, ५, ६ र ७ तथा मायादेवी गाउँपालिकाको वडा नम्बर १ र २ गरी २२ वटा वडाका लागि सेवा प्रवाह हुने रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताए । उनले यो केन्द्रबाट करिब एक लाख २९ हजार जनाले सेवा लिने गरी कार्यालयको स्थापना गरिएको बताए । यससहित रुपन्देहीमा इलाका प्रशासनको संख्या तीन पुगेको छ । रुपन्देहीको बुटवल उपमहानगरपालिका र कोटहीमाई गाउँपालिकामा यसअघिदेखि नै इलाका प्रशासन कार्यालय छन् ।

# १२५ जनाले मोतियाबिन्दुको शल्यक्रिया गराए




**गणेश कुमार सिंह**
**महोत्तरी ।**
महोत्तरीको जलेश्वर नगरपालिका १२५ जना मोतियाबिन्दु रोगीले शल्यक्रियासहितको उपचार पाएका छन् ।जलेश्वर नगरपालिकाको आयोजना तथा नेपाल नेत्र ज्योती संघ सागरमाथा चौधरी आँखा अस्पताल लहान र नेपाल रेडक्रस सोसाइटी महोत्तरीको आयोजनामा शिविर सञ्चालन गरिएको हो । उक्त शिविरमा पालिकाका ३४२ जनाले आँखा चेकजाँच गराएका थिए ।

जसमध्ये १२१जना बिरामीमा मोतियाबिन्दु पहिचान भएको थियो । पहिचान भएको लगत्तै जलेश्वर नगरपालिकाका नगर प्रमुख सुरेश साह सोनारको बिशेष पहल तथा जलेश्वर नगरपालिकाको स्थानीय सहयोगमा संचालन गरिएको निःशुल्क आँखा चेक मार्फत १२५ जना विरामिहरुले निःशुल्क शल्यक्रिया, औषधि,चस्मा लगायतका सेवा पाएका हुन् ।

# हिमपातका कारण उपल्लो मुस्ताङमा यातायात ठप्प



**रासस**
**म्याग्दी ।**
आइतबार बिहानदेखि परेको हिमपातका कारण मुस्ताङको लोमान्थाङ, लोघेकर दामोदरकुण्ड र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा यातायात सेवा ठप्प भएको छ ।

बेनी–जोमसोम–कोरला सडकको समरदेखि माथिल्लो क्षेत्रका सडकमा हिउँ जमेपछि यातायात सेवा अवरुद्ध बनेको नेचुङस्थित सशस्त्र प्रहरी बलको बोर्डर आउट पोष्ट (बिओपी)का प्रमुख भीमबहादुर क्षेत्रीले जानकारी दिए । हिमपातपछि स्थानीय र पर्यटकको आवतजावत रोकिएको छ । चिसो बढेको छ । सर्वसाधारण घरबाहिर निस्कन सकेका छैनन् । घरभित्रै आगो तापेर बसेका छन् । खोला, धारामा पानी जमेको छ । डाँडापाखा सेताम्मे हिउँले छोपिएको छ । सडक, भवन, पुल, खानेपानी, सिँचाइलगायत विकास आयोजना निर्माण रोकिएको छ ।

बिहानदेखि उपल्लो मुस्ताङमा अवरुद्ध बनेको विद्युत् र सञ्चार सेवा अपराह्नदेखि सञ्चालन भएको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी नर्बु गुरुङले बताए । चौँरी, च्याङ्ग्रा, गाईलगायत घरपालुवा पशुलाई गोठमै राखिएको छ । हिन्दु तथा वौद्ध धर्मावलम्बीहरुको साझा तीर्थस्थल मुक्तिनाथ क्षेत्रमा पनि हिउँ जमेको छ । जोमसोम–कागबेनी–मुक्तिनाथ सडकमा यातायात सेवा सडकमा हिउँ जमेका कारण प्रभावित बनेको जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रमुख प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेले बताए । हिमपात र वर्षाले हिउँदे तथा हिमाली फलफूल खेतीलाई फाइदा गरेको छ । हिउँले जमिनमा राखेको मल भिजाउन, सिँचाइका साथै स्याउ, ओखरको परागशेचन प्रक्रियाका लागि चिसो वातावरण बनाउन सहयोग गर्ने कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख प्रकाश बस्ताकोटीले बताए । 'स्याउको परागशेचनका लागि एक हजार पाँच सय घण्टा सात डिग्रीभन्दा कम तापक्रम आवश्यक पर्छ' उनले भने, 'हिउँले सुक्खा भएको जमिनलाई भिजाउने र खेतबारीमा राखेको मलको पौष्टिक तत्व बिरुवाले उपभोग गर्न सहज हुन्छ ।'



# मिथिला महाकुम्भ र महाशिवरात्रिको चहलपहल

**रासस**
**महोत्तरी ।**
मधेसका महोत्तरीसहितका प्राचीन मिथिला क्षेत्रमा मिथिला महाकुम्भ र महाशिवरात्रि पर्वको चहलपहल बढेको छ । महाशिवरात्रि र १५ दिन मिथिलाका विभिन्न तीर्थस्थल घुम्दै फन्को लगाइने महाकुम्भ नजिकिँदै गर्दा यहाँ यी पर्वको तयारीसँगै चहलपहल बढेको हो । यसपटक आगामी शुक्रबार महाशिवरात्रि मनाएसँगै त्यसको दुई दिनपछि महाकुम्भ भनिने मिथिला माध्यमिकी परिक्रमा यात्रा सुरु हुन्छ । महाशिवरात्रि मिथिलामा भक्ति, निष्ठा र मेलाउत्सवको पर्व रहँदै आएको छ । पर्वका अवसरमा शिवालयमा आयोजना हुने महाशिवरात्रि मेला हेर्न जाने खर्चको जोहोमा मैथिल (मिथिलाका बासिन्दा) केही दिन पहिले नै लाग्दछन् ।

महोत्तरीका प्रसिद्ध शिवालय जलेश्वरनाथ, टुटेश्वरनाथ, मंगलनाथ र सिद्धनाथसहितका ठाउँमा पुरातनकालदेखि नै तीनदिने मेला उत्सव आयोजना हुँदै आएको छ । अहिले प्रत्येकजसो शिवालय परिसरमा मन्दिरको रङरोगन र मेला व्यवस्थापनको तयारी भइरहँदा यहाँका गरिब परिवारका व्यक्ति बेलपत्र, भान्टाभार, धतुरो र फूलपाती बेचेर केही आर्जन गर्नमा जुटेका छन् ।बेलपत्र, धतुरो र पूmलपाती पुँजी बेगरै खोजमेल गर्न सकिने तथार भान्टा पनि सुलभ मूल्यमै पाइने र भार बनाएर बेच्दा मनमाफिकको दाम पाइने विगत अनुभवले गरिबलाई यो पर्व पर्खाइमा रहने गरेको हो ।

'पछिल्ला आठ÷नौ वर्षदेखि बेलपत्र र भान्टाको भार मेरो गुजारामा सहयोगी बन्दै आएको छ, भङ्गाहा–५ सिद्धपुरस्थित सिद्धनाथ महादेव मन्दिर परिसरमा शिवरात्रिका बेला बेलपत्र र भान्टा भार बेचेर पाएको आम्दानीले घरगुजारामा नगद खर्चको जोहो हुँदै आएको छ', भङ्गाहा–४ पलारकी सियानकीदेवी बाँतर भन्छिन् ।

पर्वअघि गरिब बस्तीका किशोरकिशोरी नजिकका वनक्षेत्रमा बेलपत्र, धतुरो र पाती खोज्न निस्कने गरेका छन् । यस्तै भान्टा उत्पादन गरेका गरिब किसान 'भार' बनाउने बाँसको कप्टेरा चिर्न व्यस्त देखिन्छन् । एउटा भारमा दुई भान्टा लाग्ने र पर्वको दिन मन्दिरअघि पुर्याएपछि भाकलवालाले राम्रो मूल्य दिएर लैजाने गरेका लोहारपट्टी–९ पीपराढीकी शिलवती देवीको विगत अनुभव छ । आम मैथिललाई पर्वविशेषमा हुने उत्सव र गरिबलाई केही आर्जन हुने विश्वासले महाशिवरात्रि पर्वको चाह हुने गरेको लोहारपट्टी–६ का सामाजिक कार्यकर्ता ७५ वर्षीय चन्देश्वर मण्डल बताउँछन् । महाशिवरात्रिमा व्रत उपवास रही शिवजीलाई भान्टाको भार चढाए चर्मरोग निको हुने मैथिल जनविश्वास छ । खासमा शिवालयमा चर्मरोगबाट छुटकारा पाउँ भन्ने पुकार गरेका भक्तजनले 'भार' चढाउने भाकल गर्छन् ।

हिन्दू मैथिल परम्परामा शिव आराधनाले चाँडै प्रशन्न हुने इष्टदेव मानिन्छन् । महाशिवरात्रिमा भक्तजनले गर्ने सम्झना र उपासनाबाट खुसी भएर मनले चाहेको फल दिने मैथिल विश्वास गर्छन् । यसैले महाशिवरात्रि पर्व मिथिलामा खास रहँदै आएको पाका मैथिलको भनाइ छ । अहिले यो पर्व नजिकिनसँगै दुई दिनपछि नै मिथिला माध्यमिकी परिक्रमा सुरु हुने भएपछि यहाँ यी दुवै पर्व परम्पराको तयारीले चहलपहल बढाएको हो ।

महाशिवरात्रि पर्वका लागि महोत्तरीका शिवालयमा अहिले उत्सवको तयारी छ । जिल्लाको बर्दिबास नगरपालिका–५ टुटेश्वरस्थित श्रीटुटेश्वरनाथ, भङ्गाहा नगरपालिका–५ स्थित श्रीसिद्धनाथ, सोनमा गाउँपालिकाको मगरथानास्थित श्रीमङ्गलनाथ, सम्सी गाउँपालिकाको गेढाभेटपुरस्थित श्री धष्नेश्वर र जिल्ला सदरमुकाम जलेश्वर नगरपालिका–१ स्थित श्री जलेश्वरनाथ महादेव मन्दिरमा पर्वको तयारी अघि बढेको हो । मिथिलामा फागुन कृष्ण द्वादशीदेखि चतुर्दशीसम्म महाशिवरात्रि मेला आयोजन गरिने परम्परा छ ।

जलेश्वर–१ स्थित श्रीजलेश्वरनाथ महादेव जलभित्र समाधि लगाएर विराजमान शिवलिङ्ग आदिकालमा भगवान् शङ्कर आफैँले स्थापित गर्नुभएको विश्वास गरिन्छ । 'जलेश्वरो महालिङ्गो स्थापितं श्रीशिवं स्वयं' शिवपुराणमा वर्णित यो पङ्क्तिले नै श्री जलेश्वरनाथ अनादिकालमै स्थापना भएको शिवलिङ्ग मानिएको जलेश्वर–५ का बासिन्दा पूर्वीय दर्शन तथा साहित्यका अध्येता एवं मिथिला माहात्म्यका नेपाली अनुवादक ध्रुव राय बताउनुहुन्छ । मिथिलामा महाशिवरात्रि र मिथिला महाकुम्भ (माध्यमिकी परिक्रमा) बारे मिथिला माहात्म्यमा वर्णन छ ।

यसैगरी चुरे पर्वत श्रेणीको थुम्कोमा अवस्थित श्री टुटेश्वरनाथ, रातु र बडहरी नदीको सङ्गमस्थित श्री सिद्धनाथ तथा श्री मङ्गलनाथ पनि अनादिकालमा स्थापित शिवलिङ्ग रहेका यहाँ विश्वास गरिन्छ । यसका अतिरिक्त बर्दिबास–३ राईमण्डल धार्मिक क्षेत्र अवस्थित श्री इन्द्रेश्वर महादेवको शिवलिङ्ग अघि सत्ययुगमा स्वर्गका राजा इन्द्रले दानवसँगको युद्धमा विजयी बन्ने वरदानका लागि श्री शिवको तपस्या गरेका स्थान मानिन्छ । यी मान्यता र विश्वासले यहाँ महाशिवरात्रि मेला उत्सव खास हुने गरेको छ । बेलपत्र, जल र धतुराको फूलमात्रले भगवान् शङ्कर प्रशन्न हुनुहुने जलेश्वर–१ का सुधीर साह बताउँछन् ।

मिथिलामा महाशिवरात्रि पर्व सम्पन्न गरिएलगत्तै दुई दिनपछि सुरु हुने फागुन शुक्लपक्षभरिको मिथिला माध्यमिकी परिक्रमालाई अलौकिक यात्रा मानिन्छ । फागुन औँशीकै दिन प्रारम्भ भएर फागुन शुक्लपक्षभरि हुने मिथिला माध्यमिकी परिक्रमामा महोत्तरी, धनुषा र छिमेकी मित्रराष्ट्र भारतको मधुवनी जिल्लासहितमा एक सय ३३ किलोमिटर वृत्तभित्र १५ ठाउँमा रात्रिबास गरेर रामसीताका भजन गाउँदै मिथिला माध्यमिकी परिक्रमा सम्पन्न गरिने पुरानो परम्परा रहँदै आएको छ । मिथिला माध्यमिकी परिक्रमाका चार सुरमा भगवान शङ्कर विराजमान रहेर यात्रीहरुको रेखदेख हुने गरेको मैथिल विश्वास गर्छन् । परिक्रमा क्षेत्र चारसुरमा पूर्वतर्फ भगवान् सदाशिव कल्याणेश्वर, पश्चिममा जलेश्वरनाथ, उत्तरमा क्षिरेश्वरनाथ र दक्षिणमा सतोखरनाथबाट संरक्षित रहेको मटिहानीस्थित श्री लक्ष्मीनारायण मठका सन्त रवीन्द्र दास वैष्णवको भनाइ छ ।

अवधकिशोर (श्रीराम) र किशोरीजी (सीताजी) का प्रतिमा राखिएका डोला अघि लगाएर १५ दिन मिथिलाक्षेत्रभित्रका तीर्थस्थलको दर्शन गर्दै नाङ्गा खुट्टाले पैदल हिँडेर गरिने यो यात्रा मिथिलाको महाकुम्भ भनिन्छ । फागुन पूर्णिमाका दिन यो यात्रा सम्पन्न गरेसँगै होलिका दहनको धुरा उडाएर, होलिका राक्षसीको आकृति डढाएर त्यसको खरानी उडाइने चलन छ । त्यसको भोलिपल्ट हिन्दू धर्मावलम्बीले फागु अर्थात् होली पर्व मनाउँदै आएका छन् ।

मिथिला माध्यमिकी परिक्रमामा महोत्तरीका मटिहानी, जलेश्वर, मडै, वकुण्ड र कञ्चनवनसहित पाँच रात्री विश्रामस्थल रहँदै आएका छन् । त्यसैगरी धनुषामा छ रात्री विश्राम र भारतको मधुवनी जिल्लामा चार रात्रि विश्रामको परम्परा रहँदै आएको छ ।नेपाल र भारतका हजारौँ साधुसन्त सहभागी हुने यो मिथिलाको महाकुम्भमा परिक्रमाका यात्रीको बासस्थान, प्राथमिक उपचार, भोजन र आपतकालीन सेवाका लागि रात्रि विश्रामस्थल रहेका ठाउँमा मठमन्दिर व्यवस्थापन, सामाजिक सङ्घसंस्था, स्थानीय तह र व्यक्तिले स्वेच्छिक प्रबन्ध गर्ने गरेका छन् । माध्यमिकी परिक्रमाको संयोजन पछिल्ला दुई दशकयता विभिन्न मठमन्दिर व्यवस्थापनको समन्वयमा बृहत्तर जनकपुर क्षेत्र विकास कोष (परिषद्) ले गर्दै आएको छ ।मिथिलामा महाशिवरात्रि, मिथिला माध्यमिकी परिक्रमा र होरी (फागु) अन्तरसम्बन्धित मानिन्छन् । महाशिवरात्रि सम्पन्न गरिएसँगै सुरु हुने मिथिला माध्यमिकी परिक्रमा र त्यसको समापनलगत्तै मनाइने होरी पर्व मैथिल संस्कृति, परम्परासँग अभिन्नरुपले जोडिएका छन् ।

# संस्कृति संरक्षणका लागि सांस्कृतिक कार्यक्रम



**मधेशदृष्टि**
**वीरगंज ।**
केन्द्रिय मानन्धर संघले बाराको प्रसौनीमा सांस्कृतिक कार्यक्रमको आयोजना गरेको छ । केन्द्रिय मानन्धर संघ काठमाडौँको सहकार्यमा मानन्धरहरुको रीति थिति तथा संस्कृतिको बारेमा जनचेतना एवं संरक्षणकालागि सांस्कृतिक कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रमको उद्घाटन वीरगंज महानगरका नगर प्रमुख राजेश मान सिंहले गरेका थिए । प्रसौनीस्थित मानन्धर गुठीको भवनमा आयोजित कार्यक्रममा सहभागीहरूले मानन्धर समाजको कला, संस्कृति, रीतिरिवाजको संरक्षण, संवद्र्धन र प्रवद्र्धनमा सरकार उदासिन रहेको भन्दै चिन्ता व्यक्त गरेका थिए ।

केन्द्रिय मानन्धर गुठीका अध्यक्ष मनोज मानन्धर, विर्ता मानन्धर गुठी, पर्साका अध्यक्ष बिनोद मानन्धरलगायतको उपस्थितिमा भएको सो कार्यक्रममा सहभागीहरुले नेवारी पोषाकमा झाँकि, धिमी बाजा, सांस्कृतिक कार्यक्रम एवं नेवारी खानाहरूको परिकारको मिठो स्वादमा रमाईलो गर्दै सम्पन्न भएको थियो । सो कार्यक्रममा प्रसौनी गाउँपालिकाका अध्यक्ष बिनोद कुमार कुशवाह लगायतको सहभागिता रहेको थियो ।

# मालवाहक ट्रक र पिकअप गाडी नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजबाट प्रहरीले तस्करीको सामान भित्र्याएको आशंकामा एउटा मालवाहक ट्रक र एउटा पिकअप गाडी नियन्त्रणमा लिएको छ । कपडा र किताब गरी एक करोड ४२ लाख ७८ हजार रुपैयाँ बराबरको सामान लिएर काठमाडौँ जाँदै गरेको मालवाहक ट्रक र पिकअप गाडी प्रहरीले नियन्त्रणमा लिएको हो ।

वीरगंजस्थित एकिकृत भन्सार जाँच चौकीबाट भन्सार जाँचपास भई भित्रीएको बीआर २२ जीए ४९१६ नम्बरको पिकअप र ना ४ ख ९८७ नम्बरको ट्रक वीरगंज–२५ ड्राइपोर्ट चोकबाट नियन्त्रणमा लिइएको पर्साका प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले जानकारी दिए । उनका अनुसार,प्रहरीले शंका लागेर ती दुवै मालवाहक गाडी रोकेर चेकजाँच गर्दा बिलबिजक भन्दा बढी मुल्यको सामान भेटिएको तथा बिलबिजक लगायतका कागजातपनि शंकास्पद भएको देखिएपछि सामानसहितको दुवै गाडी नियन्त्रणमा लिएको हो । प्रहरीले नियन्त्रणमा लिएको सामानसहतको दुवै गाड थप अनुसन्धान तथा कारबाहीका लागि आइतबार राजश्व अनुसन्धान कार्यालय पथलैयामा बुझाइएको प्रहरी नायब उपरीक्षक थापाले जानकारी दिए ।


## धनगढीमाई नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**धनगढी, सिरहा ।**

**बिषयः बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

सूचना प्रकाशन मितिः- २०८०।११।२१

उपरोक्त सम्बन्धमा, यस धनगढीमाई नगरपालिका कार्यालयले मिति २०८०।०८।२५ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिल बमोजिमका ठेक्काहरुको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफाँ २७ को उपदफा २ र ३ बमोजिम प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | स्वीकृतको लागि छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र पि.एस. सहित) |
|---|---|---|---|
| १. | DH/MUN/NCB/WORKS/04/2080/081 | श्री रोशन राजु कन्स्ट्रक्शन कल्सटेन्सी एण्ड सप्लायर्स काठमाण्डौ | ६७,९६,६२८.८८ |
| २. | DH/MUN/NCB/WORKS/05/2080/081 | श्री सुगिसा कन्स्ट्रक्शन ध.न.पा.- १० | २०,१३,६९८।६१ |
| ३. | DH/MUN/NCB/WORKS/06/2080/081 | श्री सुगिसा कन्स्ट्रक्शन ध.न.पा.- १० | १६,२०,०५६.३३ |
| ४. | DH/MUN/NCB/WORKS/07/2080/081 | श्री जितु कन्स्ट्रक्शन लक्षीपुर पतारी -३ | १६,०८,६७५.७४ |


# तीन दशकपछि तरेगणामा हाटबजार, किसान खुसी



**रासस**
**सिरहा ।**
आफूले उत्पादन गरेको तरकारी बजारसम्म लगेर बिक्रीवितरण गर्न किसान लक्ष्मण महतोले सास्ती खेप्दै आएका थिए । लहान नगरपालिका–१६ तरेगणाका उनलाई गाउँबाट लहान बजारको हाटबजारसम्म करिब १५ किलोमिटरको दूरी हप्तामा दुईपटक दुःख, कष्टले धाउनु नियमित कर्मजस्तै बनेको थियो । अहिले भने महतोले आफ्नो उत्पादनलाई उचित मूल्यमा गाउँकै हाटबजारमा बेच्न पाउनुभएको छ । गत माघ २८ गतेबाट नगरपालिकाले आइतबार र बिहीबार गरी हप्ताको दुई दिन गाउँमै कृषि हाटबजार सञ्चालन गरेपछि महतोजस्तै यहाँका अन्य व्यावसायिक किसान यतिबेला खुसी भएका छन् ।

'हामीलाई लहान बजारसम्म तरकारी बोकेर धाउन सास्ती थियो । कहिले अटोरिक्सा नपाउने त कहिले के समस्या', किसान महतोले भने, 'यो हाटबजार सञ्चालनसँगै हाम्रो उत्पादन यही बिक्रीवितरण गर्न पाएका छौँ । हामी एकदमै उत्साहित भएका छौँ ।'

यतिखेरै तरकारी किन्ने ग्राहक आइपुग्छन् । तीन किलो काउली जोखिसकेपछि प्रफुल्लित हुँदै महतोले रासससँग भने,'देख्नुभयो नि मलाई बोल्ने फुर्सद पनि हुन्न । अझ साँझ पर्दै गएपछि यहाँ तरकारी खरिद बिक्री गर्नेको भीड हुँदै जान्छ ।'

स्थानीयका अनुसार विसं २०४६/०४७ सम्म सोही स्थानमा ठूलो हाटबजार लाग्ने गरेको थियो । तरेगना (गाईघाट)मा लाग्ने उक्त हटिया भर्नलाई उदयपुरको नेपालटारबाछ चुरेपहाड छिचोलेर स्थानीय उत्पादन आलु, काउली, रिठ्ठा, तेजपत्ता, सुन्तलालगायतका तरकारी तथा फलफूल खरिद बिक्री गर्न मानिस आउने गर्दथे ।

तत्कालीन समयमा नेपालटार–गाईघाट सडक सञ्जालमा जोडिएको थिएन । सोही कारण नजिक पर्ने हटिया भएकाले मानिसका ताँती लागेर हटिया आउनेजाने गरेको स्थानीय १६ नं वडाका वडाध्यक्ष गडुलबहादुर जर्घामगरले बताए । उनका अनुसार तत्कालीन समयमा छिमेकी देश भारतबाट समेत भरिया लिएर व्यापारी त्यस हटियामा आउनेजाने गरेका थिए ।

'त्यस समय म २०–२५ वर्षको युवक थिएँ । त्यति ठूलो हाटबजार विविध कारण बन्द हुनपुग्यो, जुन मेरो मानसपटलमा ताजै छ । जनप्रतिनिधि हुनुका नाताले केही वर्ष पहिलेदेखि पटक–पटक हाटबजार सञ्चालन गर्न पहल गरेता पनि अहिले सफल भएका छौँ', अध्यक्ष मगरले भने, 'स्थानीय किसानको उत्पादन खपत अब यहीँ हुनेछ । साना किसानले पनि व्यावसायिकरूपमा तरकारी तथा फलफूल उब्जाउ गर्नलाई यस हाटबजारले प्रोत्साहन दिनेछ भन्ने विश्वास लिएको छु ।'

गाउँबाट ल्याइएका कृषि सामग्री खरिदबिक्रीले किसान तथा उपभोक्ताको सिधा सम्पर्क हुने र किसानले उचित मूल्य पाउने हुँदा यहाँका साना किसानको आर्थिक जीविकोपार्जनमा टेवा पुग्ने विश्वास अध्यक्ष मगरको छ । हाटबजार सञ्चालनमा आएपछि आफ्नो खाजा तथा किराना पसलमा चहलपहल पनि ह्वात्तै बढेर व्यापार वृद्धि भएको बताउँछन्, रक्टु साह । तर हाटबजार सञ्चालनपछि नगरपालिकाले खानेपानी र सार्वजनिक शौचालयको व्यवस्था नगरिदिएकामा उनको गुनासो छ । उक्त गुनासो सम्बोधन गर्न नगरपालिकासमक्ष पहल गरिएकाले चाँडै सामाधान हुने आश्वासन पाएको वडा सदस्य राधेश्याम चौधरीले जानकारी दिए ।

लोप भइसकेको हाटबजारलाई नगरपालिकाले पुनः सञ्चालन गरी किसान र उपभोक्ताबीच कृषि सामग्री खरिद–बिक्री गरी आर्थिक उपार्जन गर्ने उद्देश्यले हाटबजार सञ्चालनमा ल्याइएको नगरप्रमुख महेश चौधरीले बताए ।

हाटबजारको विस्तार र संरक्षणमा आफूहरू लागिपरेको भन्दै नगरप्रमुख चौधरीले स्थानीय कृषिजन्य वस्तुको बजारीकरण गर्न हाटबजारले निकै सघाउ पुर्याएकाले केही महिनाभित्रै नगरपालिकाको अन्य वडामा पनि थप हाटबजार सञ्चालन ल्याउनका लागि सम्भाव्यता अध्ययन भइरहेको जानकारी दिए ।

तीन दशकभन्दा लामो समयपछि गाउँमै पुनः हाटबजार सञ्चालनपछि स्थानीय उत्पादनले बजार पाउँदा किसान आर्थिकरूपले सवल र आत्मनिर्भरमात्रै होइन उनीहरूलाई मेहनती र उद्यमशील पनि बनाएको छ ।




*जब तिमी दुखाइ अनुभूत गर्छौ, तिमी जीवित छौ ।
जब तिमी अरुको दुखाइ अनुभूत गर्छौ, तिमीमा
मानवीय समवेदना पनि जीवित हुनेछ ।*
*–लियो टल्सटाय*

## सम्पादकीय

# सडक सुरक्षामा ध्यान देऊ

*नेपालमा सडक सुरक्षाको विषयमा वहस र छलफल विरलै भएको पाइन्छ । नागरिकको जीउज्यानसँग सम्बन्धित सडक संचरना र सुरक्षा आफैमा संम्वेदनशील विषय हो । तर, सडक सुरक्षाको विषयमा प्रभावकारी काम कारबाही भएको देखिदैन । सडक सुरक्षामा ध्यानदिनुपर्ने कुरा राज्यको कुनै एक निकायसँग मात्र पनि सम्बन्धित छैन ।यो राज्यका विभिन्न निकाय र आम नागरिकको सामूहिक जिम्मेवारीको विषय पनि हो ।त्यसैले यस्ता विषयहरुमा सडक उपभोक्ता पैदल यात्री, चालक वा जो कोहीसचेत हुनु नै पर्छ । तर, नेपालमा सवारी दुर्घटनाको सरकारी तथ्याङ्कलाई हेर्ने हो भने अवस्था भयावह र चिन्ताजनक देखिन्छ । सरकारी तथ्याङ्कलाई नै आधार मान्दा नेपालमा दैनिक आठ जनाले सडक दुर्घटनामा ज्यान गुमाइरहेका छन् । सडकसुरक्षाबारे गरिएका कामको गति सुस्त हुँदा ज्यान गुमाउनेको संख्यामा भने तीव्र बन्दै गएको छ । सवारी दुर्घटनामा अकालमै ज्यान गुमाउनेहरुको तथ्याङ्क बढ्दै जाँदा दुर्घटनामा अंगभंग भएकाहरुको अवस्थ झनै कारुणिक र पीडादायी छ ।*

*देशभर सवारी दुर्घटनामा हुने मानवीय क्षतिको विवरण बर्सेनि बढ्दै गइरहेको छ । त्यसमा पनि मधेश प्रदेशको अवस्था हेर्दा तथ्याङ्कले उत्तिकै चिन्ताजनक देखाएको छ । यही चालु आर्थिक वर्षको पहिलो ६ महिनाको मात्रै तथ्याङ्क हेर्दा मधेश प्रदेशमा २५५ जनाले सवारी दुर्घटनामा ज्यान गुमाएका छन् । यो अवधिमा भएका साना तथा ठूला गरी चार हजार चार सय भन्दा बढी सवारी दुर्घटनामा पाँच हजार भन्दा बढी व्यक्ति घाइते भएका छन् । बाराको पथलैयास्थित मधेश प्रदेश ट्राफिक प्रहरी कार्यालयका अनुसार सो अवधिमा सडक दुर्घटनामा परी महोत्तरी जिल्लाका मात्रै ३१ जनाले ज्यान गुमाए, तीन सयभन्दा बढी जना घाइते भए । अझै,सडक दुर्घटनामा ज्यान गुमाउने र घाइते हुनेहरुमा सबैभन्दा बढी युवा अवस्थाका व्यक्तिहरु रहेका छन् । ट्राफिक प्रहरीको अभिलेखले सवारीसाधन चलाउने दक्षता र सोसम्बन्धी अनुमतिपत्र बेगर नै मोटरसाइकल चलाउने बढी दुर्घटनामा परेको भन्छ । सडक सुरक्षाका विषयमा ट्राफिक प्रहरीले विद्यालय तथा समुदायस्तरमाबेलाबेला सचेतना कार्यक्रम पनि सञ्चालन गर्दै आइरहेको छ । यसका साथै ट्राफिक प्रहरीले चेकजाँच तथा निगरानीलाई पनि बढाउँदै लगेको छ । कारबाहीमा पर्ने सवारीबाट प्रहरीले मासिक करोडौ राजस्व समेत असुल गर्दै आइरहेको छ । तर, सडक दुर्घटनाको तथ्याङकमा सुधार देखिएको छैन ।*

*सवारीदुर्घटना र क्षति न्यूनीकरण गर्न सबैभन्दा पहिले त यात्रु, सवारी धनी र चालकमा सचेतना र जिम्मेवारी बोध हुन जरुरी छ । त्यसपछि सवारी दुर्घटना न्यूनीकरणका लागि दुर्घटनाको कारण पत्ता लगाइ त्यसको समाधानका लागि पहल थाल्नुपर्छ । कतिपय अवस्थामा दुर्घटनाको कारण मानवीय हुन सक्छ भने कतिपय अवस्थामा वातावरणीय तथा यान्त्रिक कारण पनि हुन सक्छ । त्यसैले मानवीय कारणले हुने दुर्घटनामा कमि ल्याउन सीप,दक्षता र सचेतना आवश्यक हुन्छ । त्यस्तै, वातावरणीय कारणले हुने दुर्घटना न्यूनिकरणका लागि सडक संरचना निर्माणमा विशेष ध्यान दिनुपर्छ । साथै, सवारी साधनलाई पनि नियमित मर्मत र निरीक्षण गर्न पनि उत्तिकै आवश्यक हुन्छ ।*

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# महतो, मधेश र माइतीघर



जो आज्ञा

रामकुमार एलन

‘रुपान्तरणका नाममा दोस्रो, तेस्रो भनिएका नयाँ पुस्ता अरु चरम सत्तालम्पट र अवसरवादी देखिए ।’ राजेन्द्र महतोले लोसपालाई ‘भूतपूर्व पार्टी’ भनेर पत्रकार सम्मेलनमा दिइएको वक्तव्यमा सबैभन्दा मन परेको सन्देश यही हो । किनभने ‘पार्टीसत्ता आफैँलाई दिइनुपर्छ’ भन्ने ‘महतोढिपी’लाई लोसपा सुप्रिमो महन्थ ठाकुरले रगत छाद्ने गरी जोर लात्ती बजारिदिएपछि महतोसँग ‘रामुक्रा’बाहेक विकल्प थिएन । मित्र अनिलकुमार कर्ण प्रवद्र्धित ‘टोलपडोस डटकम’ले महतोको अभियानलाई ‘रामुक्रा’ भनेको हो । राष्ट्रिय मुक्ति क्रान्तिको संक्षेपीकरण ‘रामुक्रा’को मैथिली, भोजपुरी र मधेशम अर्को अर्थ छ कि छैन, भाषा, संस्कृतिबारे भातभत्ता खाएर प्रतिष्ठान चलाउनेहरुको चिन्तनको विषय हो । तर रामुक्राको पहिलो आन्दोलनमै काठमाडौँको माइतीघर, समाचारमा आएअनुसार, रामुक्राका मूलनेतृत्व राजेन्द्र महतोको खुट्टामा क्षति, (केहीले त भाँच्चिएकै भनेका छन्) पुगेको छ । पहाडिया सोचको शासकसँग लड्नु नै फेरि अर्को नियती बनेको छ महतोका लागि जसरी माधवकुमार नेपाललाई अर्को एमालेजस्तै पार्टी बनाउनु पर्ने ‘कासन’ परेको छ ।

महतो मधेशपुत्र हुन्, मधेशीको अधिकारका लागि लडेका नेता हुन् । यो उमेरमा फेरि अर्को अभियानमार्फत पार्टी निर्माणको हुटहुटीसहित उनी अभियान चलाउन लागिरहेका छन् । उनको अभियानको आकार कत्रो होला ? धेरै बुद्धिजीबीहरु चोकचौतारामा चिया खपत गरिरहेका छन् । अनावश्यक कुरामा दिमागबाट बाफ उडाइरहेका छन् । यसमा युवा नेता केशव झा पनि जोडिएको देख्छु । फेसबुकमा एकाध साथीहरु छन् महतोको अभियानमा सारथि बनिरहेको देख्छु । सबैसँग झट्ट मिल्न सक्ने र ससानो विवादमा चटक्क चुँडिनसक्ने क्षमताका धनी महतोलाई फेरि राष्ट्रिय मुक्ति क्रान्ति किन आवश्यक प¥यो ? उनको पत्रकार सम्मेलनको वक्तव्य हुबहु पढेँ । पहाडिया शासक र पहाडिया सोचविरुद्ध फेरि देशभक्त पुत्रहरु एकठ्ठा हुन आह्वान गरिएको छ । सुदूरपश्चिमका थारु, मध्यनेपालका बाहुन शासकबाट प्रताडित बाहुन र क्षेत्रीसँग अन्य जातजाति, मधेशका भूमिपुत्र, पूर्वका सेतामगुरालीका सन्तान यो क्रान्ति मुक्तिमा जोडिन महतोले गरेको आग्रहमा कहीँ कतै कुनै स्वार्थ र बदनियतको ऐँजेरु छैन । तर कुनै पनि बेला महतो सत्ताको तुरुप हुन्छन्, आमनेताको प्रवृत्ति कुनबेला माया र मौसमजसरी बदलिन्छन्, चिन्ता त्यसमा हो । नेता, कार्यकर्ताहरु पछिल्लो समय केपी ओली, शेरबहादुर देउवा र माधवकुमार नेपालजस्तै कठोर भएर नेता लागिरहन्छन् कि बीचमा पुष्पकमल दाहालजसरी भावना बग्छन् र धर्मराउँछन् भनेर चासो राख्छन् । नयाँ भनिएका राजेन्द्र लिङ्देन र रवि लामिछाने पनि पद र अवसरका लागि दौडन्छन्, सिद्धान्त नै नमिल्नेसँग पनि हात मिलाउँछन् भन्नेबारे त जनता सोह्रै आना ढुक्क छदैँछन् ।

६१ लाख जनताको भूमि हो मधेश । मधेश प्रदेशका मुख्यमन्त्री भन्छन्, ‘कर्णालीसरह बजेट दिएर मधेशलाई विभेद गरियो ।’ पछिल्लो एक वर्ष भ्याएसम्म मुख्यमन्त्रीले बोलेका भाषणहरु पढ्ने गरेको छु, हेर्ने गरेको छु, सुन्ने गरेको छु, लेख्ने गरेको छु । उनले आफू ‘दिने ठाउँमा’ छु भन्ने अनुभूत गरेको देखिन्न । केन्द्रीय सरकारलाई गाली गर्ने, सिडिओ र एसपी मेरो कार्यक्रममा भाषण नसुनी हिंडे भन्ने गुनासो गर्ने गरेको देखेको छु । केही दिनअघि जीतपुर सिमरा महोत्सवमा पनि उनको यही वाणीहरु रिपिट भएका छन् । उनी दिने ठाउँमा छन् । तर भन्छन्, ‘मैले मुख्यमन्त्रीको कार्यालयमा बजेट नै राखेको छैन ।’ उनले पछिल्लोपटक भारतीय पर्यटकलाई २५ हजार रुपैयाँ मात्र लिएर आउन अनुमति र प्रहरी तथा ट्राफिक प्रहरीले बारा, पथलैयासम्म पुग्दा १२ ठाउँमा चेकजाँचका नाममा दिने गरेको ‘परेसान’ले कोही भारतीय पर्यटक आउनै नचाहेको बताए । भारतीय पर्यटक आए मात्रै मधेशको कायापलट हुन्छ भन्ने मुख्यमन्त्रीको भनाइमा ‘सच’ छ । तर यसका लागि सबैभन्दा पहिला उनले मधेशको राजधानी जनकपुरधाम रातभर खुलाउन जोड गर्नुपर्छ । ९ नबज्दै होटल र रेस्टुराँ बन्द हुने जनकपुरमा मान्छे हतारहतार भागेर बर्दिबास र जंगलतिरका होटलमा पुग्नु पर्ने बाध्यता छ । मै कैयौँपटक होटलमा साँझपख छिर्दा रात नछिप्पिँदै ‘प्रहरी आउँछ भाइ, गइदिनोस्’ भनेर खानेकुरा आधा छाडेर हिंडेको छु । प्रहरी रात नपर्दै सटर बन्द गराएर ‘आनन्दसँग सुत्दा शान्ति हुन्छ’ भन्ने भ्रममा छ । अनि विश्व सम्पदासूचीमा पार्न खोजेको जनकपुरधाममा सुत्न र होटलमा साँझ खाना खान मात्रै को आउँछ, लाग्छन् इटहरीतिर कि बर्दीबासतिर । मुख्यमन्त्रीले यस विषयमा कति छलफल चलाउनु भयो, जनकपुरबाट आएको समाचार सायद मैले पढ्न छुटाएँ कि ?

स्मार्ट मधेश बनाउने भनेको के हो ? तपाईं मध्यराति जनकपुरधाम, वीरगंज या कुनै पनि सहर पुग्दा मूलसडक आसपासमा फ्रि वाइफाइ हुनुपर्ला । त्यो कनेक्ट गरेर तपाईं होटलमा क्युआरमा पैसा तिर्न सक्नुहोला । राति कतै जानु प¥यो, एटिएमबाट पैसा निकाल्नु पर्ला । कतै यात्रा गर्न खोज्दा पेट्रोल पम्पले इन्धन २४ सै घण्टा दिनु पर्ला । नगद बोकेर नजाँदा पनि तपाईंले आनन्दसँग यात्रा गरेर फर्कन समस्या भएन भने पक्कै तपाईंले बस्ती, सहर स्मार्ट बनाउँदै लगेको अनुभूत हुनेछ । राजमार्गमै पनि कैयौँ ठाउँमा यस्तो छैन । बरु असुरक्षा छ । जनकपुरधामको समस्या हो कि, बजार राति ९ बजेपछि नै बन्द हुन्छ । के यो विषय राजेन्द्र महतोले माइतीघरमा खुट्टा भाँच्दा उठान भयो ? हतारहतार तपाईं भाग्नु पर्ने र अर्को सहर जानु पर्ने बाध्यतामा कति पर्नु भएको छ ?

केही दिनअघि बाराको निजगढमा लेथ पसलमा भएको विष्फोटमा तीन जना नागरिकको मृत्यु भयो । तीन जना अस्पतालमा छट्पटाइरहेका छन् । केहीले फास्ट ट्र्याकको सेनाको कवाडी सामानमा मिसिएको बम भनेर लेखे, केहीले जनकपुरधामबाट कवाडी पसलेले ल्याएको सामान भने । प्रहरीले गाइँगुइँ भन्ने गरेको छ, ‘ल्याउन चैँ कहाँबाट ल्यायो, भारतीय प्रहरीले प्रयोग गर्ने विष्फोटक पदार्थ परेछ ।’ आधिकारिक भन्ने गरेको छैन । तर सुनिन्छ, कुरा यस्तो पनि हो । यो घटनामा मरेका एउटा युवाको ठेगाना गलत परेछ । रौतहटका युवाको ठेगाना पर्सा परेको भनेर परिवारजन पीडा सुनाइरहेका छन् । अझ उदेकलाग्दो त यो छ कि, कुनै अनलाइनले लेखेको छ, ‘युवाको अस्पताल उपचार खर्च अस्पतालले ७ लाख रुपैयाँ मागेपछि परिवारले शव बुझ्न पाएका छैनन् ।’ विष्फोटको २४ घण्टाभित्र उनीहरु मरेका छन् । मधेशका कुन अस्पताल यस्तो सुविधासम्पन्न र महँगो छ कि, जहाँ २४ घण्टामा एउटा घाइते मूढो लाशजस्तो ज्यानको उपचारमा ७ लाख रुपैयाँ खर्च हुन्छ ? साँच्चै ज्यान बाँच्दो हो त यति पैसा खर्च गरेर उनीहरु भारतको लखनउ, पटना या काठमाडौँ हेलिकोप्टरमै लैजान सक्छन् । अनि लाज हुन्न माग्नेहरुलाई पनि ? कवाडीमा काम गर्नेका परिवारले ७ लाख रुपैयाँ कहाँबाट ल्याउन सक्छन् ?

मुख्यमन्त्री, मधेशका नेताहरुको बोलीमा कहिले पनि यस्ता घटनाहरु जोडिएर सुनिने गरेको छैनन् । यो मुख्यमन्त्री सरोजकुमार यादवकै जिल्लाको घटना हो । अब यहाँ पहाडिया शासनसोच उहाँहरुमा देखियो कि देखिएन ? जनता मर्दा, गाउँमा गोली लागेर ज्यान जाँदा पनि थाहा पाइनँ भन्ने शासकहरुले माइतीघरमा खुट्टा भाँचेर, पहाडिया शासकको विरोध गरेर मात्र मधेशका जनताको समस्या हल हुन्छ ? पहाडिया शासकको विरोध गर्दा गर्दै हाम्रा मधेशी शासकहरु पनि पहाडिया सोचका फलोअर भएका छन् रिसाउलान्, तर चाहिने यिनै भूइँका जनता हुन् जिताउन । मधेशका यिनै भूइँका मान्छेको मुद्दा मधेशमै उठाउनपुपर्छ माइतीघरमा होइन । माइतीघर पनि पुग्नुपर्छ, जस्तो मधेशले न्याय नदिएपछि जनकपुरका आरती साहको परिवारले काठमाडौँ, माइतीघरमा गरेको कठोर आन्दोलनमा मधेशी नेताहरुको खास लबज सुनिन्न । प्रभु साहले बोलेको सुनियो । अरुले बोलेको सुनिएन । बोले होलान्, बल पुगेन । जब तपाईं आफ्नो भूमिका जनताको कुरा उठाउन सक्नुहुन्न, पहाडिया शासकको सोच र शैलीको विरोध गरेर मात्रै अरु कति शताब्दी शासक बन्न सक्नुहुन्छ ?

माघमै समाचार लेखियो, धनुषामा खानेपानी अभाव । सप्तरीमा उपेन्द्र यादवले भनेका छन्, ‘चुरे दोहनले मधेशका किसानले आत्महत्या गर्ने दिन आउँदैछ ।’ हो, रंगीन काउली फलाएर मधेशमा भविष्य खोजिरहेका किसानको समाचार आयो । कोही नेताले ‘वाह, क्या राम्रो’ भनेर फेसबुक र एक्समा एउटा स्ट्याटस पनि लेखेनन् । पत्रकारले समाचार बनाइदिएका भरमा उनीहरुले राम्रै गरेको अरुले थाहा पाए ।

मेहनत नगर्ने, सचिवालयका नाममा कमिसन उठाउने, अप्ठेरो, मुसिबत आयो कि ‘पहाडिया’ भनेर गाली गरेका भरमा अब मधेशका जनता नेताका पछि लाग्नेवाला छैनन् । किनभने मधेशमा रवि लामिछानेका भिडियो हेरेर फलोअर बढेका छन् । शनिबार मात्रै हेटौँडामा पनि प्रभु साह पुगेर आमजनता पार्टी र आइटी आर्मी गठन गरेका छन् । अचेल हेटौँडामा पनि मधेशी समुदायको ठूलो पकड छ । मधेशी जनता मधेशमा भन्दा अरु प्रदेशमा सुखी र अमनचयन अनुभूत गर्न थाले भने सुक्दै गएको आम्दानी र नदी, पुराना र एउटा गालीमा रमाउने नेताको घर मात्र मधेशमा हुनसक्छ । यसबारे नेतृत्वले सोच्न जरुरी छ । मधेश सबैको हो, सबैले फल्न, फुल्न र विकसित हुन पाउने फूलबारी बनाउने काम नेताहरुको हो । यसका लागि माइतीघर होइन, मधेशमै नेताहरु बोलून्, डा. अमरेश कुमार सिंह हुन् या अरु नेता, सबैले रौतहटका माधवकुमार नेपाल र प्रभु साहले जसरी खुरुखुरु संगठन गरे भविष्य छ । आज उपेन्द्र यादवलाई गाली गर्नेहरुले बुझ्नुपर्छ, मधेशका यो हैसियत र राष्ट्रमा उपराष्ट्रपति बनाउने क्षमताका लागि उनले कति पापड बेलेका छन् ? नत्र भने जनता त हेटौँडा, बाग्लुङ, ताप्लेजुङ पनि पुगेर प्रभु साहको पार्टीमा लाग्न सक्छन्, तर नेताहरुलाई चैँ माइतीघरमा उफ्रिए पनि, काठमाडौँको चोकमा कुर्लिए पनि चुनाव लड्न चैँ मधेशै झर्नुपर्छ भन्ने ज्ञान नभएको होला र ? समृद्ध मधेश केन्द्रले चाहने विषय नै होइन, उसले प्रसादजसरी थोरै पैसा दिनसक्छ, बाँकी यसलाई फलाउनेफुलाउने काममा नेतृत्वमा रहेकाहरु र नेतृत्वमा पुग्न चाहने असली मधेशीपुत्रहरु नै लाग्नु पर्छ । जसको नश्ल र त्वचा मधेशी भइरहन पर्दैन, सोच र चिन्तन मधेशी हितमा खपत हुने भए पनि यो शताब्दीमा काम चल्छ ।

# ‘चालु अधिवेशनबाट धेरै कानुन पारित हुनेमा आशावादी छु’



> बजेटमा विनियोजन कुशलता नभएको तथा शक्ति र पहुँचका आधारमा बजेट आउने गरेको भनेर पनि आलोचना भएको सुनिन्छ । यसलाई वस्तुनिष्ठ ढङ्गले विश्लेषण गरिनुपर्छ । राष्ट्रिय महत्वका आयोजना, क्रमागत तथा बहुवर्षीय आयोजनामा स्वाभाविकरुपमा बजेट छुट्याउनै पर्यो । त्यो अनिवार्य दायित्व हो ।
> **दीपक खड्का,**
> **प्रतिनिधिसभा सदस्य**

**रासस**
**काठमाडौँ ।**
कानुन निर्माणको काममा संसद् कमजोर भएको भनेर आलोचना हुने गरेको छ । संसद्मा विधेयकहरु ल्याएर संसद्लाई सक्रिय तुल्याउने मुख्य जिम्मेवारी सरकारको हो । संसद्ले प्राप्त विधेयकमाथि छलफल गर्ने र पारित गर्ने हो । निर्वाचनलगत्तै एउटा सरकार गठन हुने, फेरि विघटन हुने र अर्को सरकार गठन हुने यो अस्थिरताका कारण कानुन निर्माणमा ढिलाइ हुने गरेको छ । विनियोजन विधेयक, सरकारका नीति तथा कार्यक्रमलगायत काममा पनि प्रवेश गर्नुपर्ने भएकाले कानुन निर्माणको पाटो केही ओझेलमा पर्ने गरेको छ ।

संसदीय व्यवस्थाको सभामुखीय भूमिकामा नयाँ व्यक्ति आउनु हुँदा पनि संसद्का गतिविधिमा केही प्रभाव पर्छ । यसकारण जति विधेयक संसद्मा आउनुपर्ने थियो, जसरी पास हुनुपथ्र्यो त्यो नभएकै हो । कानुन निर्माणमा सांसदको भूमिका पनि कमजोर देखिएकै हो । तर, अहिले कार्यतालिका नै बनाएर संसद्का गतिविधि अघि बढिरहेका छन् । सरकारले पनि आफ्नो तयारी गरेको छ । संसद्को चालु अधिवेशनमा धेरै विधेयकहरु पारित हुने हामीले अनुमान गरेका छौँ । सत्यनिरुपण तथा मेलमिलाप र बेपत्ता व्यक्तिहरुको छानबिन आयोगसम्बन्धी विधेयक (टिआरसी)लगायत थुप्रै कानुन निर्माणमा सरकार र संसद लागिपरेको छ । यस पटकको अधिवेशनमा धेरै काम हुन्छ भन्ने मैले विश्वास लिएको छु ।

पछिल्लो समय संसदीय समितिहरुले पनि आवश्यकताअनुसार बैठक बसेर निर्णय गर्ने तथा आफ्नो भूमिका र सक्रियता बढाएका छन् । विधेयकहरु माथि पर्याप्त छलफल हुने र सुझाव दिने काम भइरहेकै छन् । सङ्घीय कानुन निर्माणमा केही विलम्ब भएकै हो । सम्पत्ति शुद्धीकरण, टिआरसीलगायत कानुन, सङ्घीय निजामती ऐनलगायतलाई चाँडो टुङ्गोमा पुर्याइनुपथ्र्यो । सांसदहरुले जनताका जनजीविकासँग जोडिएका समसामयिक विषयलाई पनि संसद्मा राख्नुपर्ने हुन्छ । संसद्मा सत्तापक्ष र प्रतिपक्ष दुवैले जनताकै कुरा राख्ने हो ।

जनजीविकाका विषय उठाउने र सम्बोधन गर्ने सवालमा सत्तापक्ष र प्रतिपक्ष भन्ने हुँदैन । तर प्रतिपक्षले विरोध मात्र गर्ने र सत्तापक्षले सबै कुरामा सहमति मात्र जनाउने भन्ने एउटा गलत भाष्य निर्माण गर्न खोजिएको छ । सांसद जो पक्षको भए पनि जनताको कुरा राख्ने उसको जिम्मेवारी र अधिकार हुन्छ ।

पछिल्ला वर्षमा भूकम्प, कोभिड महामारी र अन्तर्राष्ट्रिय परिस्थितिले मुुलुकको आर्थिक अवस्था सिथिल बन्यो । लक्ष्यअनुसार राजस्व उठ्न नसक्दा केही समस्या सिर्जना भएको छ । विश्वव्यापीरुपमा देखिएको आर्थिक मन्दीको असर नेपाले पाउने वैदेशिक ऋण, अनुदान तथा वैदेशिक लगानीका क्षेत्रमा पनि परेको छ । हामी कुन परिस्थितिबाट गुज्रियौँ भन्ने विश्लेषण नगरी अहिलेको अवस्था सिर्जना हुनुमा सरकारलाई मात्र दोष दिनु उचित होइन । अघिल्ला सरकारले अधिकांश आयोजना तथा कार्यक्रममा स्रोत सुनिश्चित नगरी बजेट विनियोजन गरेका कारण पनि केही समस्या देखिएको छ । सरकारी ढुकुटीमा पैसा नहुने तर दायित्व भने बढिरहेको स्थितिलाई सम्बोधन गर्न त्यति सहज थिएन । यही कारण ठेकेदारले समयमा रकम नपाउने र विकास निर्माणका काम चाँडो नहुने समस्या छ । विदेशी मुद्रा सञ्चिति निकै कम हुनु, राजस्व सङ्कलन लक्ष्यअनुसार हुन नसक्नु, मुद्रास्फीति, महङ्गो ब्याजदरलगायत समस्या एकैपटक देखिएका थिए । ती समस्या समाधान गर्नका लागि समय लागेको हो भन्ने सरकारले बुझाउन सकेको देखिन्न ।

आगामी आर्थिक वर्षमा यी विषयको सम्बोधनसहित बजेट आउने र यस्ता समस्या नदोहोरिएलान् भन्ने अपेक्षा छ । वैदेशिक मुद्रा सञ्चिति न्यून हुनु, लक्ष्यअनुसार राजस्व उठ्न नसक्नु र हाम्रो सार्वजनिक ऋण पनि प्रभावकारी नभएको हिजोको अवस्थाबाट अहिले विस्तारै अर्थतन्त्र लयमा फर्किन थालेको छ । सरकारले ठूलो ऋण लिएर खर्च गर्नसक्ने अवस्था पनि अहिले छैन । किनभने विगतका ऋणको दायित्व बढ्दै जाँदा थप समस्या हुनसक्छ । यी विषयलाई सरकारले विस्तारै समाधान गरेपछि अर्थतन्त्र लयमा आउँछ भन्ने विश्वास छ । अहिले विस्तारै आर्थिक क्षेत्र सुधारको दिशामा छ । यद्यपि, मेहनत गर्न धेरै बाँकी छ । समग्रमा अर्थतन्त्र बिग्रेको छैन ।

बजेटमा विनियोजन कुशलता नभएको तथा शक्ति र पहुँचका आधारमा बजेट आउने गरेको भनेर पनि आलोचना भएको सुनिन्छ । यसलाई वस्तुनिष्ठ ढङ्गले विश्लेषण गरिनुपर्छ । राष्ट्रिय महत्वका आयोजना, क्रमागत तथा बहुवर्षीय आयोजनामा स्वाभाविकरुपमा बजेट छुट्याउनै पर्यो । त्यो अनिवार्य दायित्व हो । ठूला आयोजनामा बढी लगानी देखिनु स्वाभाविक हो । किनभने एउटै शीर्षकमा ठूलो बजेट विनियोजन गर्नुपर्ने हुन्छ । त्यसैले फलानो नेता, सांसद, मन्त्री, प्रधानमन्त्रीको क्षेत्रमा बजेट केन्द्रित भयो भनेर आलोचना गर्नु ठीक होइन । उदाहरणका लागि, मेरो जिल्ला सङ्खुवासभामा उत्तर दक्षिण जोड्ने सडक लामो समयदेखि निर्माणाधीन छ । अब त्यो आयोजनालाई बजेट नदिएर काम रोक्नु भएन । बहुवर्षीय प्रकृतिका आयोजनालाई बजेट छुट्याउनु अनिवार्य दायित्व हो । यसकारण हामीले बजेट विनियोजनमा विभेद भयो भनेर आलोचना गर्दैगर्दा नयाँ आयोजनालाई बजेट गएको छ, वा पुरानै आयोजनालाई गएको छ भनेर पनि हेर्नुपर्यो ।

प्रतिनिधिसभा निर्वाचन भएको पनि एक वर्षभन्दा बढी समय बितिसक्यो । निर्वाचन पछिको यो अवधिलाई समीक्षा गर्दा त्यति निरास हुनुपर्ने अवस्था म देख्दिनँ । हामीले आफ्नो निर्वाचन क्षेत्रका आवश्यकता, राष्ट्रिय आवश्यकता र पार्टीको चुनावी घोषणापत्रलाई समेटेर चुनावको घोषणापत्र बनाएका हुन्छाँै । पार्टीगत हिसाब र राष्ट्रिय अवस्थालाई समेत हेर्दा मुलुकको अर्थतन्त्रलाई प्राथमिकतामा राखेर काम गरिएन कि भन्ने लाग्छ ।

जुन अपेक्षा हामीले गरेका थियौैं, त्योअनुसार नतिजा दिन नसकेकै हो । मेरो आफ्नो जिल्ला संखुवासभाको हकमा समग्रमा एक वर्षे संसदीय अभ्यासको समीक्षा गर्दा म सन्तुष्ट छु । त्यहाँ बजेट र आयोजना कार्यान्वयनका हिसाबले निराशाजनक छैन । अहिले तीन तहको सरकार छ । ती सरकारले आफ्नो ढङ्गले काम गर्नुपर्ने हुन्छ । जनताको चाहना आवश्यकता फरक छ । स्थानीयले खानेपानी, सडक, स्वास्थ्य, शिक्षालगायत कुरा उठाउनुहुन्छ । सङ्घ र प्रदेशले त्यसलाई स्थानीय तहको जिम्मेवारी भन्दै पन्छाउनसक्ने अवस्था छैन । यसकारण तीन तहका सरकारको समन्वय र जनताको आवश्यकतालाई केन्द्रमा राखेर तीनवटै तह अगाडि बढ्नुपर्छ । कानुन निर्माणमा सहजतादेखि जनताको तत्कालिक आवश्यकताको परिपूर्ति गर्नेतिर ध्यान केन्द्रित हुनुपर्छ । मुलुकमा भ्रष्टाचार निर्मूल पारी सुशासन कायम नगरेसम्म अहिलेका समस्या समाधान हुँदैनन् । विद्यमान बेथिति नियन्त्रण, मिटरब्याजीपीडितका समस्या, दुग्ध किसान, सहकारी क्षेत्र, निजी क्षेत्रका समस्या समाधान गर्ने र मुलुकलाई आर्थिक हिसाबले मजबुत बनाउन सबै जिम्मेवार भएर लाग्नुपर्छ ।




# सिमान्त समुदायमा बागमती प्रदेश प्रमुख शर्माः सुरीबस्तीमा अन्तरक्रिया



**मधेशदृष्टि**
**मकवानपुर ।**
बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्मा प्रदेशका सिमान्त समुदायको उत्थानको अभियानमा छन् । प्रमुख शर्माले प्रदेशका विभिन्न जिल्लाभित्र रहेका सिमान्त समुदायमै पुगी उनीहरुको सवालबारेमा जानकारी हासिल गर्दै आएका छन् । केही दिन अघि शर्मा दोलखाको गौरी शंकर गाउँपालिकाको वडा नम्बर ५ स्थित सुरी बस्ती पुगे । गौरीशंकर गाउँपालिका कार्यालयले प्रदेश प्रमुख शर्मालाई सिमान्त समुदाय सुरेलसंग अन्तरक्रिया गर्ने व्यवस्था मिलायो । देशकै एकमात्र सुरेल समुदायको बसोबास रहेको सुरीमा पुग्दा सुरेलहरुले प्रदेश प्रमुख शर्मालाई चिसो मौसममा न्यायो स्वागतमात्र गरेनन् आफ्ना यावत् सवालबारे अवगत गराए ।

सुरेल जाती उत्थान समाजका अध्यक्ष विकास सुरेलले प्रदेश प्रमुख आफ्नो सवालबारे चासो राख्दै घरदैलोमै आइपुगेकोमा खुशी व्यक्त गरे । ‘हाम्रा विषयबारे चासो लिँदै यहीँसम्म प्रदेश प्रमुख आउनु खुशीको कुरा हो । हाम्रा समस्या, गुनासा र सवालबारे आगामी दिनमा आवश्यक सहयोग पाइन्छ भन्ने आशा छ’ उनले भने । सुरेल समुदाय विभिन्न कठिनाई झेल्दै जीवनयापन गरिरहेको उनले सुनाए । ‘शिक्षा, स्वास्थ्य, राजगारीजस्ता कुरामा हामी पछाडी परेका छौं’विकासले भने,‘हाम्रो भाषा तथा संस्कृति लोप हुने अवस्थामा गइरहेका छन्, सरकारले यसतर्फ सोचोस् भन्ने चाहान्छौं ।’ उनले आफ्नो समुदायलाई राजनीतिक दलहरुले आफ्नो स्वार्थ अनुकुल प्रयोग गर्ने तर उचित संरक्षणका लागि ध्यान नदिने गरेको गुनासो पोखे ।

‘राजनीतिक कारण नै हामी सुरेलहरुलाई आपसमा विभिन्न कित्तामा विभाजन गर्न खोजिएको छ ।’ उनको धारणा छ, ‘तर चुनावमा भोट हाल्ने विषय र सिङ्गो समुदाय उत्थानको विषय फरक हो भन्ने कुरा हामी सबैले बुझ्नु पनि पर्दछ ।’ बागमती प्रदेश सरकारले आगामी दिनमा ल्याउने नीति तथा कार्यक्रममा सुरेल समुदायको उत्थानका लागि आवश्यक कार्यक्रम समेट्न सहजीकरण गरिदिनका लागि प्रदेश प्रमुख शर्मालाई उनले आग्रह गरे ।

सुरेल समुदायका अर्का अगुवा विनोद सुरेलले आफूहरुलाई दिर्घकालीन फाइदा पुग्ने खालका कार्यक्रम आवश्यक भएको बताए । ‘विभिन्न प्रकारका तालिम त महिनामा पन्ध्र दिनजसो यो समुदायमा हुने गरेको छ तर दुःखको कुरा तालिमका लागि तालिमजस्तो मात्र भइरहेको छ ।’ उनले भने, ‘व्यवसायिक रुपमा अघि बढ्ने खालका शीपमुलक तालिमको हामीलाई खाँचो छ ।’

आफूहरुको मुख्य पेशा कृषि भएपनि बाँस तथा कपडाजन्य उत्पादनका शीपमार्फत आत्मनिर्भर बन्न सक्नेमा आफू विश्वस्त रहेको उनले बताए । ‘हामीहरुको शीपको प्रयोगका लागि एउटा उद्योग नै स्थापना गरिए आर्थिक रुपमा प्रगति हुने थियो ।’ उनले भने,‘यसो गर्न सकिए हामीहरुमा स्वरोजगारीको अवस्था सिर्जना हुने थियो भने सुरेल ब्रान्डकै रुपमा हामीले गरेका उत्पादनको पहिचान पनि ।’ सुरेल समुदायका बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहोउन् भन्न स्कुल तथा उच्च शिक्षाका लागि विशेष सहयोगका कार्यक्रमहरु आफ्नो समुदायमा ल्याउनका लागि प्रदेशको अभिभावक प्रदेश प्रमुख शर्मालाई विनोदले भने ।

सुरेल समुदायका अर्का अगुवा रमेश सुरेलले आफूहरुको समुदायमा आवश्यक मात्रामा रोजगारी र आर्थिक समृद्धिका अवसरहरु सरकारले किन नल्याएको भन्दै प्रश्न गरे । ‘यसअघि हामीहरुको समुदायका लागि लक्षित गरी कार्यक्रमहरु किन नल्याएको ?’ उनले प्रश्न थियो । पुख्र्यौली पेशासंग जोडिएर आएको कपडा बनाउने शीप आफूहरुमा रहेको भन्दै उनले यसबाट लाभ लिनसक्ने खालका कार्यक्रमहरु चाहिएको बताए । ‘स्थानीय, प्रदेश तथा संघीय सरकार जसले भएपनि हाम्रो पुख्र्यौली पेशा तथा शीपसंग जोडिएका कामहरुमा सहयोग गर्नुपर्यो’ उनले भने ।

सुरेल समुदायका अगुवाबाट उनीहरुका आवश्यकता तथा चाहना सुनेका प्रदेश प्रमुख शर्माले सिङ्गो समुदाय उत्थानमा शिक्षाको अत्यन्त महत्वपूर्ण भूमिका हुने भन्दै यसमा ध्यान दिन सुझाव दिए । यो समुदायको विकासमा आवश्यक कार्यक्रमका लागि सरकारका प्रतिनिधीसंग सहजीकरणको भूमिका आफूले खेल्ने प्रदेश प्रमुख शर्माले बताए । लामो समयदेखिको सुरेल जातिको शीप, कला, कौशल तथा परम्परालाई संगसंगै लिएर अघि जानका लागि प्रमुख शर्माले सुरेल समुदायलाई आग्रह पनि गरे । विशेषगरी शिक्षा समाज उत्थानको महत्वपूर्ण कडी भएकाले यस समुदायका बालबालिकालाई पढाउने–लेखाउने कार्यमा ध्यान दिन उनले सुझाए । सुरेल जातीका विषयमा सोधिखोजीका लागि सुरी पुगेका प्रदेश प्रमुख शर्मालाई सुरेल समुदायका अगुवाहरुले लिखित रुपमै उनीहरुका विभिन्न सवाल बुझाए । यस समुदायबाट प्राप्त सवालबारे आवश्यक कार्यका लागि आफ्नो तर्फबाट गर्न सकिने भूमिका निर्वाह गर्न तत्पर रहने प्रतिबद्धता जनाए ।

प्रदेश प्रमुखसंग सुरेल समुदायसंग अन्तरक्रियाका लागि समन्वय गराउने गौरीशंकर गाउँपालिकाका अध्यक्ष विकास कार्कीले लापोन्मुख सिमान्त सुरेल जातीलाई समुन्नत र शिक्षित समुदायका रुपमा विकास गराउन आफ्नो तर्फबाट कुनै कसर कमी नराख्ने बताए । यो जाती दोलखाको सुन्दरताका रुपमा रहेकाले यसलाई संरक्षण गर्नु काम स्थानीय सरकार हुनुको नाताले आफ्नो भएको उनको भनाई छ । गाउँपालिकाका तर्फबाट सुरेल समुदायका बालबालिकाको पढाईका लागि उचित सहयोग गरिएको उनले बताए । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क ३१८ जना सुरेल जातिको जनसंख्या रहेको उल्लेखित भएको पाइएपनि २२५ जनाले मासिक चार हजार रुपैंयाका दरले सामाजिक सुरक्षा भक्ता पाइरहेको अध्यक्ष कार्कीले जानकारी दिए ।

सुरेल भाषा, संस्कृति संरक्षणमा लागिपरेका अयिभन्ता स्थानीय पत्रकार तथा लेखक मधुसुदन आचार्य यो जाति नेपालको दोलखा जिल्लामा रहेको तामाकोसी नदीको किनारमा बसोवास गर्ने एक लोपोन्मुख जाति भएको पाइएको बताउँछन् । दोलखाको सुरी गाविसमा बासोबास गर्ने भएकोले नै सुरेल भनिएको भन्ने अध्ययनहरुबाट भेटिएको उनको भनाई छ । समाजमा अत्यन्त अपमान खेपेकाले उनीहरुले विगतमा थर परिवर्तन गरी सुनुवार राखेको आचार्यले सुनाए । विगतमा सुनुवार भएकालाई सुरेल जातिमा कायम गराउँन आफूले मुद्दा लडेको अनुभव समेत उनीसंग छ ।

सुरेल जातिको उत्पति पाँच सय वर्ष पहिले रामेछाप जिल्ला सिमागढी पुख्र्याैली भएका बासे र बीरबल नाम गरेका दुईजना ससुरा र ज्वाईं शिकार खेल्दै सुरी खोलाको किनारमा आइपुगेको र बास बस्ने क्रममा उनीहरू सुरी पुगेका थिए र पछि त्यहीँ नै बसोबास गर्न थाले र यसरी उनीहरू सुरीमा नै बसेकोले सुरेल भनिन थालेको अध्ययनमा भेटिएका छन् । यस सम्बन्धमा जब जिरेल जातिको उत्पत्ती भयो, जिरीमा बस्न थाले तर पछि केही जिरेलहरू छुट्टिएर सुरीमा बस्न पुगे । त्यही बेलादेखी जिरीमा बस्नेलाई जिरेल भनियो र सुरीमा बस्नेलाई सुरेल भनियो भन्ने किम्बदन्ती पनि पाइन्छ ।

प्रदेश प्रमुख शर्मा सुरेल जातिका विषयमा उनीहरुका वास्तविकताबारे गहिरोसंग जानकारी हासिल हुने भएकाले स्थलगत अर्थात् समुदायमै पुगेर अन्तरक्रिया गरेको बताउँछन् । बागमती प्रदेश प्रमुखको जिम्मेवारीमा आएदेखि नै प्रदेशभित्र रहेका सिमान्त समुदायलाई राज्यको मूल प्रवाहमा कसरी ल्याउन सकिन्छ भन्नेमा विभिन्न अभियानमार्फत आफू लागिरहेको उनको भनाई छ ।

प्रदेश प्रमुख शर्माले यसअघि मकवानपुरको मनहरी, हाडीखोलास्थित अति लोपोन्मुख वनकरिया समुदायमा पुगी अन्तरक्रिया गर्दै उनीहरुका अवस्थाबारे जानकारी लिएका थिए । राष्ट्रिय निकुञ्जको क्षेत्रमा बसोबास गर्दै आइरहेका उनीहरुलाई सुरक्षित आवास बनाउन तत्कालीन मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे नेतृत्वको सरकारले दश–दश लाख रुपैंया उलपब्ध गराउने निर्णय गरेपनि जग्गा उपलब्ध हुन नसक्दा कार्यान्वयन भने भएको छैन ।

सिमान्त समुदायका सवालबारे अध्ययन गर्ने अभियान अन्तर्गत प्रदेश प्रमुख शर्मा अब सिन्धुलीस्थित हायू जातिको समुदायमा पुग्ने कार्यक्रम रहेको बताउँछन् । बागमती प्रदेशका लोपोन्मुख वनकरिया, सुरेल तथा हायू जातिका समुदायको उत्थानमा सघाउ पु¥याउन आवश्यक कार्यक्रम निर्माण गर्न आफ्नो तर्फबाट प्रयत्न गरिएको प्रदेश प्रमुख शर्माको भनाई छ ।

# कच्चापदार्थको आयातमा लाग्ने करसम्बन्धी विवाद फेरि ब्यूँझियो




**रासस**
**काठमाडौँ ।**
फलाम र स्टील उत्पादक उद्योगले प्रयोग गर्ने कच्चा पदार्थ 'बिलेट' र 'स्पञ्ज आइरन'को करसम्बन्धी विवाद फेरी ब्यूँझिएको छ । प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले यस विषयमा सोधखोज थालेसँगै यो विषय फेरी चर्चामा आएको हो । आर्थिक अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक, २०७८ मार्फत सरकारले स्पञ्ज र बिलेटको राजस्व दर हेरफेर गरेको थियो । प्रतिस्थापन विधेयकमार्फत ल्याइएका करसम्बन्धी केही व्यवस्थाहरु विवादमा परेपछि संसदीय समितिमा उजुरीसमेत परेको थियो । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले प्रतिस्थापन विधेयकको उक्त व्यवस्था कार्यान्वयन नगर्न सरकारलाई निर्देश दिएको थियो तर उक्त निर्देशन कार्यान्वयन नभएको भन्दै समितिको आजको बैठकले सरकारसँग जवाफ माग गरेको छ ।

'समितिको मिति २०७९ असार ६ गतेको निर्णय के कति कारणले कार्यान्वयन नभएको सम्बन्धमा जवाफका लागि अर्थ मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखि पठाउने निर्णय भएको छ' आइतबारको बैठकको निर्णय सुनाउँदै समिति सभापति अब्दुल खानले भने, 'बैठकमा यस विषयमा थप छलफल गर्दा स्पञ्ज आइरन र विलेटको भन्सार महशुल तथा अन्तशुल्क सम्बन्धमा समितिले थप अध्ययन गर्न र सम्बन्धित उद्योगहरुको अवस्थाका बारेमा बुझ्न आवश्यक देखिएकाले अध्ययन उपसमिति गठन गर्ने निर्णय भएको छ ।'

आर्थिक ऐन, २०७८ (प्रतिस्थापन) मार्फत सरकारले बिलेटको अन्तःशुल्क दर प्रतिमेट्रिक टन एक हजार ६ सय ५० रुपैयाँबाट बढाएर दुई हजार पाँच सय रुपैयाँ पु¥यायो भने पाँच प्रतिशत भन्सार दर यथावत् राख्यो । यद्यपि, स्पञ्ज आइरन र स्क्रपको भन्सार तथा अन्तःशुल्कमा भने पूर्ण छुट दिइयो । करका दरमा भएको यस्तो हेरफेर पछि फलामे छड तथा स्टील उत्पादक व्यवसायीहरु सरकारको पक्ष र विपक्षमा विभाजित भएका थिए । बिलेट आयातमा कर घटेपछि बजारमा फलाम तथा स्टीलको मूल्य पनि घट्ने अनुमान गरिएको थियो तर त्यसको ठीक विपरीत, उद्योगी व्यवसायीहरुले फलाम छड, जस्तापाता, फलाम पाइप जस्ता वस्तुको मूल्य एकाएक बढाएका थिए । अर्कोतर्फ, केही स्टील व्यवसायीहरुले निश्चित व्यक्तिलाई मात्र नाफा पुग्नेगरी राजस्व दर हेरफेर भएको भन्दै विरोध जनाएका थिए । यहि विषयमा संसदीय समितिमा उजुरी परेको थियो । राजस्व दर हेरफेरको यो विषय विवादमा परेपछि उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले सरकारलाई प्रतिस्थापन विधेयकको व्यवस्था कार्यान्वयन नगर्न निर्देशन दिएको थियो । 'फलामे डण्डीको कच्चा पदार्थको रुपमा रहेको स्पञ्ज आइरन र विलेट्सबीच भन्सार महसुल र अन्तःशुल्कमा गरिएको विभेदकारी व्यवस्थाका कारणले केही उद्योगहरु मात्र संरक्षण हुन गई अन्य उद्योगहरु धराशायी भई सञ्चालन हुन नसक्ने अवस्थामा पुग्दा ठूलो राजस्व तथा रोजगारी गुम्न गएकाले भन्सार तथा अन्तःशुल्कको दरमा पुनर्विचार गर्न निर्देशन दिइएको छ', २०७९ असार ६ गतेको उद्योग समितिको निर्णयमा भनिएको छ, 'भन्सार तथा अन्तःशुल्कमा आर्थिक वर्ष २०७९÷८० को बजेट वक्तव्यमा जारी गरेको व्यवस्थालाई परिमार्जन गरि प्रतिस्थापन विधेयकभन्दा पहिलाकै व्यवस्था कायम गर्न निर्देशन दिइन्छ ।'

त्यस्तै, स्पञ्जबाट बिलेट बनाउँदा केवल १५ प्रतिशत भन्दा कम मात्र मूल्य अभिवृद्धि (भ्यालु एड) हुने भएकाले स्पञ्जको आयातमा भन्सार महसुल चार दशमलव ७५ प्रतिशतमा पूर्ण छुटको सट्टा २५ प्रतिशतसम्म मात्र छुट दिन समितिले सरकारलाई निर्देशन दिएको थियो । नेपालमा उत्पादन हुने स्पञ्ज आइरन तथा प्राइमरी बिलेट्स दुवै कच्चा पदार्थको आयातमा समान छुट तथा सहुलियतको व्यवस्था गर्न भन्दै सरकारलाई समितिले दिएको उक्त निर्देशन भने हालसम्म पनि पालना भएको देखिँदैन ।

उद्योग समितिले यस विषयमा आइतबार अर्थसचिव कृष्णहरि पुष्कर, उद्योग मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौला, भन्सार विभागका महानिर्देशक शोभाकान्त पौडेल, नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशक कुमारी ज्योति जोशी (भट्ट)लगायतसँग छलफल गरेको थियो । अर्थसचिव पुष्करले स्पञ्जमा भन्सार र अन्तःशुल्क छुट दिनुका पछाडिको उद्देश्य उद्योगहरुलाई प्रतिस्पर्धी बनाएर आन्तरिक उत्पादन बढाउनु, नेपालको विद्युत् खपत बढाउनु र रोजगार सृजना गर्नु रहेको दाबी गरे । 'उद्योगीहरुको क्षमता बढाएर आन्तरिक उत्पादन बढाउने र स्पञ्जबाट बिलेट नेपालमै उत्पादन हुँदा नेपालको विद्युत् खपत पनि बढ्ने उद्देश्यका साथ सरकारले यो व्यवस्था ल्याएको हो', अर्थसचिव पुष्करले समितिमा भने । आर्थिक विधेयक संसद्बाटै पारित भएर ऐनका रुपमा कार्यान्वयन भएको उल्लेख गर्दै सचिव पुष्करले संसद् र समितिले दिएका निर्देशनहरु पालना गर्न सरकार प्रतिबद्ध रहेको जिकिर गरे । सरकारले कस्ता कर नीति अबलम्बन गर्ने भन्नेबारे अहिले उच्चस्तरीय कर सुधार आयोग र राजस्व परामर्श समितिले काम गरिरहेको पनि अर्थसचिव पुष्करले जानकारी दिए ।

त्यस्तै समितिले स्पञ्ज आइरन आयातकर्ता र बिलेट आयातकर्ता दुवैथरी उद्योगी व्यवसायीहरुलाई पनि बोलाएर छलफल गरिसकेको छ । करका विषयमा मात्र नभई नेपालमा उत्पादित फलामजन्य वस्तुको गुणस्तर, स्टील तथा फलाम उद्योगले गर्ने वातावरण प्रदूषण र श्रमिकको सुरक्षालगायत विषयमा पनि समितिले चासो देखाएको छ । समितिले २०७९ असारमा सरकारलाई दिएको निर्देशनमा नेपालमा बन्ने बिलेट्सलाई नेपाल गुणस्तरमान बनाई गुणस्तर कायम गर्न पनि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने निर्णय समितिले गरेको थियो । त्यसैगरी, कच्चापदार्थ आयात गर्दा अन्तःशुल्क भन्सार विन्दुमा नलगाई सबै तयारी वस्तु तथा बिक्रीमा मात्र लगाउन पनि समितिले निर्देशन दिएको थियो । समितिको यो निर्देशन पनि हालसम्म कार्यान्वयन हुन सकेको छैन ।

# नेप्से परिसूचक गिरावट

**मधेशदृष्टि**
**वीरगंज ।**
यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक ११ दशमलव ७८ अङ्कले घटेर एक हजार नौ सय ६० दशमलव ३० को बिन्दुमा कायम भएको हो ।आइतबार तीन सय नौ कम्पनीको ५५ लाख ७४ हजार दुई सय सात कित्ता ४५ हजार चार सय ४२ पटक खरिदबिक्री हुँदा दुई अर्ब आठ करोड २७ लाख ८६ हजार ८९ रुपैयाँ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन समूह शून्य दशमलव ५४ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ६६ प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै व्यापार समूह दुई दशमलव ५२ र अन्य समूह एक दशमलव शून्य २ प्रतिशतले घटेको छ ।

आइतबरको कारोबारपछि शेयर मूल्य बढेका कम्पनीहरुमा सबैभन्दा धेरै ग्लोबल आइएमइ लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर नौ दशमलव ७० र एनआईसी एसिया ग्रोथ फन्ड–२ को शेयर मूल्य आठ दशमलव ४५ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने चिर्खुवा हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ४९ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको १३ करोड २० लाख ४९ हजार पाँच सय ४० रुपैयाँ बराबरको दुई लाख ९२ हजार तीन सय २६ कित्ता शेयर कारोबार भएको छ ।

# नेपाल र नेदरल्यान्ड्स फाइनलमा



**मधेशदृष्टि**
**काठमाडौँ ।**
त्रिकोणात्मक टी–२० सिरिजअन्तर्गत फाइनल खेलमा नेपाल र नेदरल्याण्ड्स बीच प्रतिस्पर्धा हुने भएको छ । आइतबार नामिबिया र नेदरल्यान्ड्सबीचको लिग चरणको अन्तिम खेल वर्षाका कारण रद्द भएपछि दुवै टोलीले एक÷एक अङ्क बाडेका थिए । अङ्क बाडेपछि नेदरल्यान्ड्स ५ अङ्कसहित शीर्षस्थानमा रहँदै फाइनलमा पुगेको हो । त्यस्तै दोस्रो स्थानमा रहेको नेपाल चार अङ्क जोड्दै फाइनमा पुगेको छ । यता नामिबियाले भने तीन अङ्क जोड्यो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आइतबार भएको खेलमा नेदरल्यान्ड्सविरुद्ध टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नामिबियाले १५ ओभरमा चार विकेट गुमाउँदै ९८ रनको योगफल बनाएको थियो । त्यसपछि वर्षा भएसँगै खेल रोकिएको थियो । खेल रोकिनुअघि नामिबियाका लागि जान लोफ्टी इएटनले ३४ रन र जिन ग्रिन ११ रन बनाएर खेलिरेहेका थिए ।लिग चरणको आफ्नो पहिलो खेलमा नेपाल नामिबियासँग २० रन र दोस्रो खेलमा नेदरल्यान्ड्ससँग २ रनले पराजित भएको थियो । त्यस्तै नेपालले तेस्रो खेलमा नामिबियालाई ३ रन र नेदरल्यान्ड्सलाई ६ विकेटले हराउँदै प्रतियोगिताको फाइनलमा स्थान पक्का गरेको थियो । फाइनल खेल आगामी मंगलबार हुनेछ ।

# कमाउन र रमाउन विदेश नै जानुपर्छ भन्ने छैनः अर्थमन्त्री

**रासस**
**नुवाकोट ।**
अर्थमन्त्री डा प्रकाशरण महतले ग्रामीण क्षेत्रको विकासका निम्ति सरकार प्रतिबद्ध रहेको बताएका छन् । देशमा रोजगारीका अवसरको सृजना तथा शैक्षिक रुपान्तरणका माध्यमबाट उन्नयनको मार्गमा अग्रसर हुन सहज हुने भन्दै उनले कमाउन र रमाउन विदेश नै जानुपर्छ भन्ने मान्यताबाट मुक्त हुनुपर्नेमा जोड दिए । नुवाकोटको शिवपुरी गाउँपालिका–४ सिक्रेस्थित स्याउरीभूमे माध्यमिक विद्यालयको ४१औँ वार्षिकोत्सव तथा अभिभावक भेलालाई आइतबार सम्बोधन गर्दै अर्थमन्त्रीले गाउँगाउँमा विकास र शैक्षिक गुणस्तरमार्फत युवा वर्गलाई रोजगारीमा केन्द्रित गराउने योजना तथा बजेट कार्यान्वयनमा सरकार केन्द्रित रहेको बताए ।

'गाउँगाउँमा उत्पादन बढाएर सहरमा पुर्याउनुपर्छ' उनले भने, 'पूर्वाधारको विकास र प्राविधिक–आधुनिक शिक्षामार्फत नयाँ फड्को मार्ने प्रयासमा सरकार केन्द्रित छ ।' युवालाई आफ्नै गाउँमा टिकाउन रोजगारको सिर्जनाका लागि पूर्वाधार विकास र गुणस्तरीय शिक्षा नै पहिलो आधार भएकाले सोहीअनुसार सरकारले नयाँ–नयाँ योजना कार्यान्वयनमा ल्याएको अर्थमन्त्रीले जानकारी दिए ।

'अहिले विकासको रफ्तार सुरु भएको छ । गाउँगाउँमा सडक सहितको पूर्वाधारको विकास र कृषिको आधुनिकीकरण र यन्त्रिकरणबाट उब्जनीलाई बढावा दिँदै ती सामग्री सहरमा पुर्याउनुपर्छ,' उनले भने, 'सडकसहित सिँचाइ, खानेपानीलगायत ग्रामीण पूर्वाधार विकासमा चालु आर्थिक वर्षदेखि सरकारले प्राथमिकता दिएकाले मुलुकमा विकासले नयाँ फड्को मार्ने चरणमा प्रवेश गरेको छ ।' लामो समयसम्म शिथिल बनेको देशको अर्थतन्त्रमा सुधार हुँदै गएको तथा गाउँमै केही गर्न सकिन्छ भन्ने उद्यमी पनि रहेका दृष्टान्त प्रस्तुत गर्दै अर्थमन्त्री महतले भने, 'सुधारिएको अर्थतन्त्रले रोजगारी र उद्यमी बढ्ने क्रममा छन्, पूर्वाधार निर्माण, गुणस्तरीय शिक्षाको व्यवस्था गरेर सरकारले गाउँ केन्द्रित नयाँ कार्यक्रम सञ्चालनमा जोड दिइएको छ ।'

'कमाउन र रमाउन विदेश नै जानुपर्छ भन्ने छैन' उनले भने, 'परिवार पाल्न र सन्ततिको भविष्य सुनिश्चित हुने वातावरण नेपालमा नै हुनेछ भन्नेमा विश्वास गर्न आग्रह गर्दछु ।' उनले व्यावसायिक कृषिमा लाग्न स्थानीय किसानलाई सुझाव पनि दिए ।

# त्रिकोणात्मक सिरिजका लागि नेपाली टोलीको घोषणा



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल क्रिकेट सङ्घ (क्यान)ले हङ्कङमा आयोजना हुने त्रिकोणात्मक टि–ट्वान्टी शृंखलाका लागि नेपाली राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरेको छ ।

क्यानले आइतबार रोहितकुमार पौडेलको कप्तानीमा आकाश चन्द, विनोद भण्डारी, लोकस बम र रसिद खानलाई समेट्दै १४ सदस्यीय टोलीको घोषणा गरेको हो ।

त्यस्तै छनोट हुने अन्य खेलाडीमा कुशल भुर्तेल, गुल्सन झा, सागर ढकाल, प्रतिश जिसी, सन्दीप जोरा, आरिफ शेख, विवेक यादव, करण केसी र अभिनाश बोहरा छन् ।

नेदरल्यान्ड्स र नामिबियाविरुद्ध खेलेका ओपनर आसिफ शेख, सोमपाल कामी, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, ललितनारायण राजवंशी र अनिलकुमार शाह भने टोलीमा समावेश छैनन् ।

क्यानका अनुसार उक्त शृंखलामा हङ्कङसहित नेपाल र पपुवा न्यूगिनीले सहभागिता जनाउने छन् ।

यही फागुन २६ गते नेपाल र हङ्कङले फ्रेन्डसिप कपको नाममा एक ट्वान्टी ट्वान्टी खेल खेल्ने क्यानले जनाएको छ । त्यस्तै क्यानका अनुसार फागुन २७ गते नेपालले हङकङसँग खेल्नेछ भने २९ गते पपुवा न्यूगिनीसँग खेल्नेछ । त्रिकोणात्मक सिरिजको फाइन खेल भने फागुन ३० गते हुने तालिका छ ।

# माल्दिभ्सनजिकै सैन्य शिविर स्थापना गर्दै भारत



**एएफपी**
**नयाँदिल्ली ।**
भारतीय नौसेनाले 'रणनीतिक रूपमा महत्वपूर्ण' माल्दिभ्सको नजिकका टापुहरूमा सेनालाई बलियो बनाइरहेको बताएको छ । मालेले भारतीय सेनालाई घर पठाउन सुरु गर्नुभन्दा केही दिन अघि नै नयाँ शिविर खुल्ने भारतीय सेनाले जनाएको छ । चीन निकट मानिने मालदिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुले गत वर्ष भारतीय सेनालाई फिर्ता पठाउने वाचा गरेर चुनाव जितेपछि भारत र माल्दिभ्सबीचको सम्बन्धमा तिक्तता आएको छ ।

पूर्व–पश्चिम अन्तर्राष्ट्रिय जल मार्गमा फैलिएको उक्त द्वीपसमूहमा चीनको बढ्दो उपस्थितिप्रति भारत सशङ्कित रहेको र नयाँ शिविरले उक्त क्षेत्रमा नयाँ दिल्लीको 'जानकारी पहिचान गर्ने निगरानी' लाई विस्तार गर्ने भारतीय नौसेनाले शनिबार एक विज्ञप्तिमार्फत् जानकारी गराएको छ । मुइज्जुले भारतलाई माल्दिभ्समा रहेका ८९ जना सुरक्षाकर्मीलाई फिर्ता बोलाउन आग्रह गर्नुभएको छ । भारतीय योजना अनुसार पहिलो जत्था मार्च १० भित्र भारत प्रस्थान गर्ने र सबै दुई महिनाभित्र स्वदेश फिर्ता हुनेछन् ।

भारतको लक्षद्वीप टापुमा मार्च ६ मा खुल्ने नयाँ सैन्य शिविरले विद्यमान सानो टुकडीलाई 'स्वतन्त्र नौसैनिक एकाइ' मा परिणत गर्नेछ । भारतको लक्षद्वीप टापु माल्दिभ्सबाट लगभग १३० किलोमिटर उत्तरमा अवस्थित छ र मिनिकोय टापुमा नयाँ नौसैनिक शिविर रहेको छ । भारतीय नौसेनाको लक्षद्वीप टापु कवारत्तीमा पहिलेदेखि नै शिविर छ, तर नयाँ शिविर माल्दिभ्सबाट लगभग २५८ किलोमिटर (१६० माइल) नजिक हुनेछ ।

'मिनिकोय लक्षद्वीपको सबैभन्दा दक्षिणी टापु हो, जसले सञ्चारको महत्वपूर्ण समुद्री रेखालाई समेटेको छ' भारतीय नौसेनाले भनेको छ ।यस शिविरले समुद्री डकैती र लागुऔषध विरोधी अभियानलाई बढावा दिने छ र यो 'रणनीतिक रूपमा महत्त्वपूर्ण' टापुहरूमा सुरक्षा पूर्वाधार बढाउने नीतिको एक भाग हो ।

# जनकपुरको धार्मिक पर्यटन प्रवर्द्धन गर्न होटेल व्यवसायी अयोध्या प्रस्थान



**रासस**
**महेन्द्रनगर ।**
जनकपुरधाममा धार्मिक पर्यटन प्रवर्द्धनका लागि नेपालका होटेल व्यवसायी अयोध्यातर्फ प्रस्थान गरेका छन् । होटल व्यवसायी सङ्घका केन्द्रीय अध्यक्ष विनायक शाहको नेतृत्वमा ६० भन्दाबढी नेपाली होटेल व्यवसायी आइतबार भारतीय पर्यटकलाई नेपाल भित्र्याउने उद्देश्यले अयोध्याका लागि प्रस्थान गरेका हुन् । अयोध्यामा राममन्दिरको निर्माण भएपश्चात् त्यहाँ पर्यटकको आवागमन बढेकाले जनकपुरधाममा पनि पर्यटकको आगमन बढाउने उद्देश्यले अयोध्या जान लागेको अध्यक्ष शाहले बताए ।

दुई देशबीचको सम्बन्ध थप प्रगाढ बनाउने, जनस्तरमा सम्बन्ध विस्तार गर्नुका साथै पर्यटनको बढावा दिनु नै अयोध्या भ्रमणको मूल उद्देश्य रहेको होटेल व्यवसायी सङ्घ मधेसका अध्यक्ष विजय झुनझुनवलाले बताए । अयोध्या भ्रमणका क्रममा होटेल व्यवसायीले अयोध्यास्थित राममन्दिरमा पूजा आराधना गर्नुका साथै कोशेली पनि हस्तान्तरण गर्ने कार्यक्रम रहेको उनले बताए । त्यस्तै त्यहाँका 'टुर्स एण्ड ट्राभल्स एजेन्ट'सँग पनि छलफल गर्ने कार्यक्रम रहेको होटेल व्यवसायीले जनाएका छन् । अयोध्या प्रस्थान गर्नुअघि शनिबार बेलुका होटेल व्यवसायीले जानकी मन्दिरमा पूजा आराधना पनि गरेका थिए ।

# भिजिट जनकपुरधाम अभियान शुरु




**मधेशदृष्टि**
**वीरगंज ।**
पौराणिक धार्मिक ऐतिहासिक सांस्कृतिक नगरी जनकपुरधामको प्रचार प्रसारको लागि भिजिट जनकपुरधाम अभियान शुरु भएको छ । जनकपुरका स्थानीय व्यवसायी सहित समाजसेवी, बुद्धिजीवीहरुले जनकपुरधामलाई भारतको अयोध्यासँग जोड्नका लागि भिजिट जनकपुरधाम २०२४ अभियान विधिवतरुपमा सुरु गरेका छन् । जनकपुरधाम–अयोध्या धार्मिक नगरीसँगै एकअर्काको पुरकको रुपमा समेत रहेकाले रामायण सर्किट अन्तर्गत यसको विशेष महत्व रहेकाले धार्मिक पर्यटनीय नगरीको रुपमा समेत जोड्नुपर्ने आवश्यकता रहेको मधेश प्रदेशका उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादवले बताइन् ।

भिजिट जनकपुरधाम २०२४ अभियानमा रहेकाहरुलाई शनिबार जानकी मन्दिरको प्रांगणबाट विदाई गर्दै उद्योग वाणिज्य तथा पर्यटनमन्त्री यादवले धार्मिक पर्यटनीय नगरीलाई जोड्नका लागि भिजिट जनकपुरधाम २०२४ ले विशेष माध्यम समेत रहेको बताए । अयोध्यामा राम मन्दिरको प्राणप्रतिष्ठापछि अब जनपुरधाममा भारतीय धार्मिक पर्यटकहरुको संख्यामा वृद्धि हुने दाबी गर्दै यसको व्यापक रुपमाप्रचार प्रसार गर्नु पर्ने कुरामा जोड दिए । जनकपुरधामको पर्यटन प्रबद्धन लागि भिजिट जनकपुरधाम २०२४ अभियानल फलदायी हुने अनुमान गरिएको छ । यस भ्रमण वर्षलाई सफल बनाउन न्यू भिजन नेपाल, नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट, विश्व हिन्दू परिषद् नेपाललगायतहरु लागिपरेका छन् ।


## शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कठौना, सप्तरी**
**मधेश प्रदेश, नेपाल**
### बोलपत्र स्वीकृतिको आशय पत्र सम्बन्धी सूचना
**मिति : २०८०/११/२० गते**

यस नगरपालिकाको मिति २०८०/१०/०३ गते प्रकाशित बोलपत्र (NCB) विद्युतीय खरिद प्रणालीबाट आव्हान सूचना अनुसार तोकिएको मिति सम्म पर्न आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु मूल्यांकन समितिबाट सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा तपसिलमा उल्लेखित बोलपत्रहरु स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (२) को प्रयोजनार्थ सम्बन्धी सबै बोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनौट बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | 03T/RD/Shmun/ 2080/081 | सप्तरी जिल्लाको शम्भुनाथ न.पा. वडा नं.-३ स्थित कचन्दाहन टोलमा विद्युत ट्रान्सफरमरदेखि पूर्वीतिर गएको बाटो स्तारोन्नती कार्य | श्री सुसम निर्माण सेवा सप्लायर्स बेल्टार, उदयपुर | १५,३७,२५८/४० | |

***बोद्धार्थ :***
१) श्री ओमकारा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा. लि. राजविराज-८ सप्तरी
२) श्री पि.आर. कन्सट्रक्सन लहान-५ सिरहा
३) श्री जे.पी. निर्माण सेवा शम्भुनाथ न.पा.-६ सप्तरी
४) श्री अजय अनुज कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.
५) श्री गहिल ईन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. काठमाण्डौ-३२
६) श्री सुसम निर्माण सेवा सप्लायर्स बेल्टार, उदयपुर

**– प्रमुख प्रशासकीय अधिकृत**


# ज्ञानकूपः पहिले विद्यार्थी खोज्नुपर्थ्यो अहिले विद्यार्थीले खोज्छन्



**रासस**
**जनकपुरधाम ।**
धनुषाको जनकपुरधाम–८ स्थित श्री यज्ञवल्क्य संस्कृत मावि (ज्ञानकूप)ले एक शताब्दीभन्दा बढी अर्थात् एक सय १३ वर्षदेखि यस क्षेत्रमा संस्कृत शिक्षा प्रदान गरिरहेको छ । मधेश प्रदेशमै संस्कृत महाविद्यालयको रूपमा स्थापित ज्ञानकूपमा सशस्त्र द्वन्द्वका बेला भने पठनपाठन करिब ठप्प भयो । ऐतिहासिक महत्वको यो विद्यालय फेरि पुरानै अवस्थामा फर्किएला भनेर धेरैले अनुमान गरेका थिएनन् तर सशस्त्र द्वन्द्व सकिएको केही वर्षमै विद्यालयले पुरानै लक्ष्यका साथ पठनपाठन सुरु गर्यो । 'द्वन्द्वले संस्कृत शिक्षा सङ्कटमा थियो । धेरै जना संस्कृत पढ्नसमेत डराउँथे । त्यसैले विसं २०६६ मा फेरि पठनपाठन सुरु गर्दा घरघर गएर खोज्दा पनि करिब २५–२६ जना विद्यार्थीमात्रै पाएका थियौँ । सबैको मेहनतका कारण हरेक वर्ष विद्यार्थी थपिँदै गए । अहिले हामीले विद्यार्थी खोज्न जानु नपर्ने अवस्था बनाएका छौँ', प्रधानाध्यापक सञ्जयकुमार झाले भने । उनले सशस्त्र द्वन्द्वका कारण निशानामा परेको संस्कृत शिक्षा प्रदान गर्ने विद्यालयमा काम गर्नु पनि चुनौतीपूर्ण अवस्थामा विद्यालय व्यवस्थापन समिति र शिक्षक कर्मचारीले हिम्मत गरेर पुरानै साख फर्काउन थालेको अभियानले २०७३ सालपछि मात्रै सार्थकता पाउन थालेको स्मरण गरे । 'ऋषि यज्ञवल्क्यको पालादेखि चलेको हाम्रो विद्यालयलाई संस्कृत शिक्षाको हबमात्रै होइन, आधुनिक प्राविधिक शिक्षासँग पनि जोड्नुपर्छ भनेर २०७३ सालमा प्राविधिक विषय पनि सुरु गर्यौं । त्यसो गर्दा पनि एक सय २३ विद्यार्थीमात्रै हामीसँग थिए', झाले भने, 'तर अविचलितरूपमा गुणस्तरीय शिक्षा दिन सबै जिम्मेवार भएर लाग्यौँ । हाम्रो लगाव, अभिभावक र अरु सम्बद्ध निकायको सद्भावले त्यो सङ्ख्या अहिले दुई हजार पाँच सय पुगेको छ ।' विसं १९६६ मा याज्ञवल्क्य संस्कृत प्रधान पाठशालाबाट औपचारिकरूपमा कर्मकाण्डी शिक्षा (संस्कृत) दिन थालेको विद्यालयले यस दौरान थुप्रै सिद्धहस्त संस्कृत भाषाविद्हरू जन्माएको छ । ज्ञानकूपको नामले परिचित यस विद्यालयले संस्कृत शिक्षा पठनपाठनको संस्कृति नै ओझेलमा परिरहेको समयमा नयाँ पुस्तामा 'संस्कृत ज्ञान' को दीप जलाउन निरन्तर 'ज्ञानकूप'को काम गरिहेको सहायक प्रधानाध्यापक सोमनाथ भट्टराई बताउँछन् । 'मैले यस विद्यालयमा २०७१ सालमा अध्यापन सुरु गर्दा ७५–७६ जना विद्यार्थी थिए। पछि वैदिक शिक्षालाई प्रविधिसँग जोड्ने उद्देश्यले २०७३ सालमा प्राविधिक विषय (कम्प्युटर) थप्यौँ ।

त्यो सन्देश घरघरमा गएर भन्यौ, त्यसपछि भने विद्यार्थी सङ्ख्या निरन्तर बढ्दो क्रममा छ', भट्टराईले भने । अहिले कक्षा १ देखि ५ सम्म एक सय अङ्कको संस्कृत, ६ देखि ८ कक्षासम्म भाषा र व्याकरण गरी दुई सय पूर्णाङ्क तथा ९ देखि १२ कक्षासम्म प्राविधिक, संस्कृत र साधारण शिक्षाको सुविधा रहेको उनले बताए ।

त्रेतायुगमा जनकपुत्री सीताले शिक्षा–दीक्षा लिएको र यहीँ बसेर याज्ञवल्क्यले शुक्लयजुर्वेदको मध्यन्दिनीय शाखा लेखेको भनिने यस ऐतिहासिक विद्यालयमा अहिले ६५ विद्यार्थी आवासीयरूपमा र समग्रमा साढे चौबीस सयभन्दा बढी विद्यार्थी पढिरहेका छन् ।

**विद्यालयको ऐतिहासिकता**
जनकपुर प्राचीनकालदेखि नै वैद्धिक दर्शन र आर्यचिन्तन परम्पराको केन्द्रका रूपमा रहँदै आएको छ । यहाँ यज्ञबल्क्य, मैत्रैयी, गार्गी, अष्टावक्रलगायत ऋषिमुनि, विद्वान् तथा विदुषीहरूको ध्यान, साधना, कर्मकाण्ड परम्परादेखि चलिरहेकै छ । त्यसैले त अध्ययन–अध्यापनका साथै ग्रन्थप्रणयनजस्ता कार्यहरू पनि यहाँ निरन्तर भइरहेको विभिन्न समयमा सुरु भएका गुरुकुल तथा विद्यालय परिसरमा अवस्थित ज्ञानकूप, विद्याकूप र शातानन्दकूपका अवशेषले त्यही प्राचीन परम्परालाई स्मरण गराउने गरेको जानकारहरू बताउँछन् । अध्ययन–अध्यापनको त्यही गुरुकुल परम्पराको केन्द्र जनकपुरमा १९९६ सालमा सरकारी तबरबाट संस्कृत पाठशालाको स्थापना गरिएको विद्यालयका प्रधानाध्यापक झाले जानकारी दिए । उपलब्ध विवरणअनुसार त्यसअघि १८८५ वैशाख अक्षय तृतीयामा कर्मकाण्ड शिक्षालयका रूपमा लक्ष्मण मन्दिरको प्राङ्गणबाट पठनपाठन सुरु भएको थियो ।

पछि १९१० सालमा राममन्दिरको झुलाघर र १९६० सालमा यी सबैलाई एकीकरण गरी श्रीराम मन्दिर र जानकी मन्दिरको उत्तरपश्चिम भागमा एउटा फुसको आश्रममा विद्यालय स्थापना गरी वेद, व्याकरण, न्याय, ज्योतिष आदि विषयको पठनपाठन प्रारम्भ गरेको इतिहास भेटिन्छ । तत्कालीन मालपोत विभागअन्तर्गतको संस्कृत बन्दोबस्त नागरिक फाँटबाट १९६६ वैशाखदेखि 'राजकीय संस्कृत प्रधान पाठशाला'को नाममा वैधानिकता पाएको र त्यहीबेला व्याकरण, ज्योतिष र साहित्य गरी तीन विषयको स्वीकृति पाएको विद्यालयद्वारा प्रकाशित शताब्दी स्मारिका–२०६९ मा उल्लेख छ । यसबीचमा विसं १९७३ मा वेदवेदाङ्ग पाठशाला, १९९० वैशाख शुक्ल अक्षय तृतीयका दिन भारतको चित्रकुटबाट आएका साधु मौनीबाबाले मौनीय संस्कृत महाविश्वविद्यालय स्थापना गरेको र मौनीबाबाको प्रयासमा तत्कालीन प्रधानमन्त्री पद्मशम्शेरको समेत सहयोग रहेको त्यहाँ उल्लेख छ । 'मौनिबाबाले तत्कालीन प्रधानमन्त्री पद्मशम्शेर तथा स्थानीय दातासँगको सहयोगमा विद्यालय निर्माणका लागि तीन बिघा सात कट्ठा १० धुर तथा सञ्चालन खर्चका लागि झण्डै ५१ बिघा जग्गा भिक्षाटनबाट प्राप्त गरेका र ६५ विद्यार्थीको पठनपाठन, आवासीय खर्च पूर्ति गर्ने शर्तमा त्यो सबै सम्पत्ति २००५ सालमा गुठी संस्थानमा सुम्पिनुभयो', स्मारिकामा उल्लेख छ, 'पछि १९६० सालमा एकीकृत गुरुकुल र सन् १९६६ मा वैधानिकता प्राप्त राजकीय संस्कृत प्रधान पाठशालालाई २००५ सालमा र २००८ सालमा वेदवेदाङ्ग पाठशालालाई समेत ज्ञानकूपमै समावेश गरेर बनेको त्रिगङ्गाको संयुक्त रूप यो विद्यालय हो ।' ती सबै संस्कृत पाठशालाको एकीकृत रुप मानिएको यो विद्यालय २०२४ सालमा याज्ञवल्क्य संस्कृत महाविद्यालयका रुपमा स्थापित भएको हो । विसं २०२० बाट त्रिभुवन विश्वविद्यालयबाट परीक्षा सञ्चालन हुनुअघि यहाँ भारतका विहार संस्कृत समिति र कामेश्वर संस्कृत विश्वविद्यालयसँग मिलेर परीक्षा हुने गरेको थियो । विसं २०३० मा महाविद्यालय स्थान्तरित भएर महोत्तरीको मटिहानीमा लगियो तर राजनीतिक व्यवस्था परिवर्तनपछि फेरि २०४७ सालमा यसै विद्यालयमा हजारी जनक विद्यापीठ स्थापना भयो । संस्कृतका जानकार एवं जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवका अनुसार याज्ञवल्क्य माता जानकी प्रादुर्भावभन्दा धेरै पूर्वका जनक राजाहरूका शिक्षादीक्षाका गुरु र विद्वतसभाका प्रमुख हुनुहुन्थ्यो । तिनै यज्ञवल्क्यले वेद शिक्षा त्यागेर हिँडेपछि दूधमति नदी किनारको किनार अर्थात् ज्ञानकूप क्षेत्रमा उपसना गरी यजुर्वेद प्राप्त गरेको पनि किंवदन्ती छ । 'यो विद्यालय तिनै याज्ञवल्क्यजस्ता सिद्धहस्त विद्वानहरूले साधना गरेको स्थल हो ।

पहिले नितान्त वैदिक कर्मकाण्डी शिक्षा दिने गरिएकामा अहिले त्यो शिक्षा नाममात्रको छ । त्यो गरिमा राख्न सकिएको छैन । त्यसतर्फ कसैको ध्यान छैन", महन्थ दासले भन्नुभयो, 'त्यो मात्रै होइन, वैदिक धर्मसँग जोडिएका सबै पक्ष कमजोर हुँदै गएका छन् । यसमा ध्यान दिइनुपर्छ ।'

**विद्यार्थीको चाप**
विद्यालयमा अहिले करिब दुई हजार पाँच सय विद्यार्थी छन् । अबको केही वर्षमै त्यो सङ्ख्या पाँच हजार पुर्याउने लक्ष्यसहित काम भइरहेको छ । यहाँ कक्षा ९ देखि १२ सम्म प्राविधिक, संस्कृत र साधारण गरी तीन सङ्कायमा पठनपाठन भइरहेको छ । प्राविधिकतर्फ कम्प्युटर र साधारणतर्फ व्यवस्थापन तथा विज्ञान सङ्कायको पठनपाठन हुने गरेको छ तर त्यसका लागि आवश्यक भौतिक पूर्वाधार, कक्षाकोठा, शिक्षक–शिक्षिका र लगानीको अभाव रहेको उनको भनाइ छ । प्रधानाध्यापक झाले कक्षा ६ देखि १० सम्म एक सय विद्यार्थी हुँदाको दरबन्दी र वेदविद्यातर्फ १९६६ सालकै दरबन्दीअनुसार पढाउनु परेकाले धेरै समस्या भइरहेको बताए । उनले भने, 'जम्मा निजी स्रोत, काजसहितका ३२ जना शिक्षक–शिक्षिका छौँ । विद्यार्थीको चाप बढेपछि बिहान र दिउँसो गरी दुई चरणमा अध्ययन–अध्यापन भइरहेको छ । पाँच वर्षदेखि नमूना विद्यालय भएपछि त झन् भौतिक पूर्वाधारमा सहयोग नहुँदा समस्यामा छौँ ।'

**कर्मकाण्डी शिक्षामा जातीय आरक्षण**
यस विद्यालयमा साधारण र प्राविधिकतर्फ सबैका लागि खुला छ तर आवासीय कर्मकाण्डी शिक्षा पढ्ने ६५ सिटमा भने जातीय आरक्षण छ । यहाँ ब्राह्मणबाहेक अहिलेसम्म अन्य जातिलाई पढ्न बर्जित छ ।

सुरुदेखि गुठी संस्थानले ५४ र ब्रह्मचारीले दिने नौ गरी ६५ जनालाई भोजनवृत्तिसहित आवासीय सुविधा दिइरहेको छ । गुठी संस्थान जनकपुरधामका प्रमुख आनन्द कर्माचार्यले संस्थानले कुनै जातिलाई पढाउनु वा नपढाउनु भनेर छात्रवृत्ति दिने नगरेको बताउनुभयो । 'आवासीयरूपमा कर्मकाण्डी शिक्षा दिने कार्यको सहजताका लागि संस्थानले स्थापनाकालदेखि नै छात्रवृत्ति दिइरहेको हो । हामीले समग्रमा दिने हो । कसलाई पढाउने वा नपढाउने विषय विद्यालयको क्षेत्राधिकारको विषय हो', कर्माचार्यले भने ।

# एक जिल्ला एक मेडिकल कलेज स्थापना गर्नेः मुख्यमन्त्री




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेशका आठ वटै जिल्लामा एक एकवटा मेडिकल कलेज स्थापना गर्ने लक्ष्य लिएको बताएका छन् । आइतबार नेपाल मेडिकल एसोसिएशन, जनकपुरधामद्वारा आयोजित मधेश हेल्थ सम्मिटलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले मधेशको आठ वटै जिल्लामा मेडिकल कलेज खोल्ने बताएका हुन् ।

यसअघि कार्यक्रममा सहभागीहरुबाट स्वास्थ्यमा बजेट बढाइनुपर्ने मागउपर प्रतिक्रिया व्यक्त उनले भने, 'स्वास्थ्य राज्यमन्त्री भइसकेको हुनाले स्वास्थ्यको महत्व बुझेको छु ।' स्वास्थ्य क्षेत्रमा प्रदेशमा १५ प्रतिशत बजेट छुट्याएर काम अघि बढाईएको बताउँदै मुख्यमन्त्री यादवले आउने दिनमा स्वास्थ्य बजेट बीस पच्चीस प्रतिशतसम्म पु-याइने बताए । मुख्यमन्त्री यादवले सरकारले कृषि, स्वास्थ्य, शिक्षा र पर्यटन गरी चार क्षेत्रमा 'हब' बनाउने घोषणा गरे । कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र प्रसाद सिंह, पूर्व राज्यमन्त्री डा सुरेन्द्र यादव लगायतले पनि मधेश प्रदेशका स्वास्थ्य क्षेत्रका चुनौती र सम्भावनाबारे आ–आफ्नो धारणा व्यक्त गरेका थिए ।

# गाउँ सभा गर्न जनप्रतिनिधिको दबाब अध्यक्ष महतो पुगे सर्वोच्च

**एसपी गौरब**
**सर्लाही ।**

सर्लाहीको चन्द्रनगर गाउँपालिका उपाध्यक्ष सहितका जनप्रतिनिधिहरुले गाउँ सभा गर्न गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग माग गरेका छन् । गाउँपालिकाकी उपाध्यक्ष गीतादेवी महतोसहित पाँच जना वडा अध्यक्ष र बहुमत कार्यपालिका सदस्यहरुले गाउँपालिकाका अध्यक्ष राजकुमार महतो र प्रमुख प्रशासकीय अधिकृत मदन बहादुर थिङसँग गाउँ सभा गर्न मिति तोकेर बैठक बोलाउन माग गरेका हुन् । चालु आर्थिक वर्ष २०८०/०८१ को सात महिना बितिसक्दा पनि गाउँ सभा नहुँदा चन्द्रनगर गाउँपालिकाको चालु आर्थिक वर्षको बार्षिक बजेट, नीति तथा कार्यक्रम बन्न सकेको छैन । 'अहिले सम्म गाउँ समा नभएकोले अविलम्ब कार्यपालिकाको बैठक बोलाई गाउँ सभाको मिति तोक्नको लागि हामी कार्यपालिकाको बहुमत सदस्यहरूको जोरदार माग रहेकोले यो निवेदन गाउँपालिका अध्यक्ष समक्ष पेश गर्दछौँ ।' फागुन ८ गते उपाध्यक्ष गीतादेवी सहित बहुमत गाउँकार्यपालिका र गाउँ सभा सदस्यहरुले पेश गरेको निवेदनमा उल्लेख गरिएको छ । सात वटा वडा रहेको गाउँपालिकामा १५ जना कार्यपालिका सदस्य मध्ये १२ जना र ३९ जना गाउँ सभा सदस्य मध्ये २९ जना उपाध्यक्ष गीतादेवीको पक्षमा रहेका छन् भने १ र २ नम्बरका वडाध्यक्षसहित तीन जना कार्यपालिका सदस्य र १० जना गाउँ सभा सदस्य अध्यक्ष महतोको पक्षमा रहेका छन् ।

**सात महिना बित्दा पनि किन भएन गाउँ सभा ?**

गाउँपालिकाका अध्यक्ष महतोले गाउँपालिकालाई गैरसरकारी संस्था जसरी चलाएर चरम भ्रष्टाचार गरेका कारण आफुहरुले अघिल्लो आर्थिक वर्षको हिसाब किताब स्पष्ट रुपमा सार्वजनिक नगर्दासम्म गाउँ सभा हुन नदिने अडान लिएको उपाध्यक्ष गीतादेवीको भनाई छ । अध्यक्ष महतो हिसाब किताब सार्वजनिक गर्नुको सट्टा भागि भागि हिडेका कारण चालु आर्थिक वर्षको सात महिना वितिसक्दा पनि गाउँ सभा हुन नसकेको उनको दाबी छ ।

'गाउँपालिका अध्यक्ष महतोले हिसाब सार्वजनिक गर्नुको सट्टा भागि भागि हिडेका कारण चालु आर्थिक वर्षको सात महिना वितिसक्दा पनि गाउँ सभा हुन सकेन, जसका कारण गाउँपालिकाको विकास निर्माणका सबै काम प्रभावित हुनुका साथै सामाजिक सुरक्षा भक्ता लिने लाभग्राहीहरु र मासिक तलब भक्ता खाने कर्माचारीहरु प्रत्यक्ष मारमा परेका छन् ।' उपाध्यक्ष गीतादेवीले भनिन् । अनौपचारिक छलफलमा गाउँपालिका अध्यक्ष महतोले हिसाब बुझाउन तयार भएपनि कार्यपालिकाको बैठक बस्ने समयमा महतो गाउँपालिका नै नजाने गरेका कारण समस्या झन विकराल बन्दै गएको चन्द्रनगर गाउँपालिका ३ का वडाध्यक्ष सिताराम महतोले बताए । 'गाउँपालिका अध्यक्ष महतोले चन्द्रनगर गाउँपालिकाबासीको विचमा चित्त बुझ्दो जवाफ दिनु पर्नेमा भागि भागि हिडेर चन्द्रनगर गाउँपालिकालाई अनिर्णयको बन्दी बनाएका कारण बहुमत कार्यपालिका सदस्यहरुले गाउँ सभा गर्ने प्रयास गरेको' चन्द्रनगर गाउँपालिका ७ का वडाध्यक्ष दिपेन्द्र कुमार सिंहले बताए ।



गाउँपालिकाको अध्यक्ष भएर महतो आए देखि नै कर्मचारीलाई अनावश्यक दुःख दिने, स्थायी कर्मचारीलाई गाउँपालिका शाखाबाट हटाएर वडामा पठाउने र गाउँपालिकाको शाखाहरुमा करारका कर्मचारीहरु राख्ने, अन्य जनप्रतिनिधिहरुलाई खाली पानामा हस्ताक्षर गराएर बैठकको निर्णय पछि आफैंले लेख्ने लगायतका गतिविधिहरु गर्नुले गाउँपालिका अध्यक्ष महतो चरम भ्रष्टाचारमा लागेका पाइए पछि आफुहरुले ती गतिविधिहरुको विरोध गर्दा उनी झन पन्छिन पाएका चन्द्रनगर गाउँपालिका ६ का वडाध्यक्ष राम स्वरुप कुर्मीले बताए ।

गाउँपालिकाको विकास गर्न भन्दै संघीय तथा प्रदेश सरकारबाट आएको रकम कुनै व्यक्तिले व्यक्तिगत रुपमा अनियमितता गर्दा विरोध गरेको भएपनि गाउँपालिका अध्यक्ष महतो अरु जनप्रतिनिधिहरुले गाउँ सभा गर्न नदिएको भन्दै भ्रम फैलाउँदै हिडेका चन्द्रनगर गाउँपालिका ६ का वडा अध्यक्ष कुर्मीको भनाई छ । चन्द्रनगर गाउँपालिकाका अध्यक्ष महतो चरम भ्रष्टाचारमा लिप्त हुँदा कार्यालयको कामकाज पूर्ण रुपमा ठप्प भएको भन्दै स्थानीय सामाजिक सुरक्षा भक्ता लिने लाभग्राहीहरुले गाउँपालिका कार्यालय अगाडि धर्ना समेत दिएका थिए भने तलब खान नपाएको भन्दै शिक्षक तथा कर्माचारीहरुले समेत आन्दोलन गरेका थिए । आगामी आर्थिक वर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रम असार १० गते नै ल्याउनुपर्ने प्रावधान रहेको भए पनि चन्द्रनगरले सात महिना वितिसक्दा पनि चालु आर्थिक वर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रम ल्यान नसक्दा विकास निर्माणको काम ठप्प छ भने सात महिनादेखि कर्मचारीहरुले तलब पाउन सकेका छैनन् ।

**अध्यक्ष महतो पुगे सर्वोच्च**

बहुमत कार्यपालिका सदस्यहरुले गाउँ सभा गर्न बैठक बोलाउन भन्दै गाउँपालिका अध्यक्ष महतो र प्रमुख प्रशासकीय अधिकृत थिङ्सँग आग्रह गरी निवेदन दिएका थिए । बैठक बोलाउन दिइएको निवेदनमा तोक लगाएर सम्पर्कविहीन भएका अध्यक्ष महतो सर्वोेच्च अदालतमा उत्प्रेषण सम्बन्धी मुद्धा दायर गरेका पाइएको छ । अनौपचारिक छलफलमा गाउँकार्यपालिका बैठक बोलाउन तयार भएका गाउँपालिका अध्यक्ष महतो खुसुक्क भागेर गएर आफुहरुले निवेदन दिएको तीन दिनपछि उत्प्रेषण सम्बन्धी मुद्धा दायर गरेका चन्द्रनगर गाउँपालिका ३ का वडा अध्यक्ष सितारामले बताए । उनले आफैले तोक लगाएको निवेदनकाविरुद्ध तीनदिनपछि गाउँपालिका उपाध्यक्ष गीतादेवी सहित २९ जनालाई विपक्षी बनाएर उत्प्रेषण सम्बन्धी मुद्धा दायर गरेका पाइएको छ । उनी अहिले पनि गाउँपालिका गएका छैनन् ।

**के छ नीतिगत कुरा ?**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भाग १ परिच्छेद ३ को दफा १६ को उपदफा ४ को १ (क)ले गाउँपालिका अध्यक्ष तथा नगर प्रमुखलाई दिएको अधिकार गाउँपालिका अध्यक्ष महतोले प्रयोग गरेका छैनन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भाग १ परिच्छेद ३ को दफा १६ को उपदफा ४ को १ (क) को ३ मा वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गर्ने, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भाग १ परिच्छेद ३ को दफा १६ को उपदफा ४ को १ (क) को ४ मा सभाको अधिवेशन आह्वान र अन्य गर्ने र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भाग १ परिच्छेद ३ को दफा १६ को उपदफा ४ को १ (क)को १२ मा सात दिन भन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुस्थित हुनु परेमा उपा अध्यक्ष एवम् उप प्रमुखलाई कार्यभार दिने भन्ने अधिकार गाउँपालिका अध्यक्षलाई रहेको उल्लेख छ तर चन्द्रनगर गाउँपालिकाका अध्यक्ष महतो विगत लामो समयदेखि गाउँपालिका भन्दा बाहिर हुँदा समेत उपा अध्यक्ष गीतादेवीलाई कुनै अधिकारी दिएका छैनन् ।

**समस्या कहाँ छ ?**

शिक्षा, स्वास्थ्य, कृषि, पशु र भौतिक पूर्वाधारमा सुधारका लागि गाउँपालिका अध्यक्ष महतोलाई पटक–पटक मौखिक तथा लिखित आग्रह गर्दा पनि उनी गाउँपालिकाबासीको चाहना विपरित विभिन्न सञ्चार माध्याममा गएर झुठो प्रचार प्रसार गरेको र आर्थिक वर्ष २०७९/०८० को आय÷व्यय प्रत्येक शाखाको छुट्टा छुट्टै बैंक स्टेटमेन्ट गाउँ कार्यपालिकाको करिब चार तिहाई कार्यपालिका सदस्यहरुले माग गर्दा पनि हालसम्म आलटाल गरिरहेका छन् । गाउँपालिकाको २०७९ श्रावण १ गते देखि २०८० आसार ३१ गतेसम्मको आंशिक आय÷व्यय दिँदा त्यसमा प्रत्येक एउटा शिर्षकमा तीन, चार ठाउँमा हिसाब देखाइएको, इन्धनमा ठूलो रकम देखाएको तर १ जना पनि जनप्रतिनिधीहरुले इन्धन र सरकारी सवारी साधन नलिएको र भ्रमण नै नगरेको ठाउँमा २ पटक भ्रमण र अन्य भ्रमण शीर्षक राखी ठूलो रकम देखाएको लगायतका कारण गाउँ सभा हुन नसकेको गाउँपालिकाकी उपाध्यक्ष गीता देवीले बताईन् । गाउँपालिकाको भौतिक तथा गाउँपालिकाबासीका दैनिकीसँग जोडिएका विषयहरुमा गाउँपालिकाको रकम खर्च नगरी गाउँपालिका अध्यक्ष महतोले अन्य व्यानरका कार्यक्रमहरुमा ठूलो रकम खर्च गरेका, औषधि खरिदमा ठूलो रकम लगानी गरिएको देखिए पनि गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा सामान्य औषधी समेत छैन् । आर्थिक अनियमितता गरेका गाउँपालिका अध्यक्ष महतोले गाउँ घरमा गएर अनावश्यक भ्रामक प्रचारबाजी गरेको उपाध्यक्ष गीता देवीको आरोप छ । ३ जना कार्यपालिका सदस्य र १० जना गाउँ सभाका सदस्यहरुको साथमा रहेका गाउँपालिका अध्यक्ष महतोले बहुमतलाई बेवास्था गर्दै आफूखुसी निर्णयहरु गर्दै भ्रष्टाचार गर्ने र आफूखुसी निर्णय गर्न नपाए कार्यक्रमहरु गर्न नदिने र त्यसको आरोप चाहि गाउँपालिका उपाध्यक्ष गीतादेवी लगायतका बहुमत जनप्रतिनिधिहरुलाई लगाउने गरेका छन् । आफुहरुले रहरले नभई बाध्य भएर गाउँपालिका अध्यक्ष महतोको विपक्षमा बोल्नु परेको चन्द्रनगर गाउँपालिकाका वडा अध्यक्षहरुले बताएका छन् । चालु आर्थिक वर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रमहरु असार १० गते नै गाउँसभा गरेर ल्याउनुपर्नेमा अध्यक्ष महतोले गाउँपालिकालाई कब्जा गरी आफ्नो स्वार्थ शिद्ध नहुँदासम्म गाउँ सभा हुन नदिएको उपाध्यक्ष गीता देवीको आरोप छ । गाउँपालिका अध्यक्ष महतोले आफूहरु बहुमतमा रहेको भएपनि कुनै सल्लाह नगरी आफुखुसी काम गर्ने गरेका कारण विरोध गर्नु परेको उनको भनाई छ ।

गाउँपालिकामा कर्माचारीहरु हुँदा हुँदै आसेपासेलाई पोस्न करारका कर्माचारीलाई योजना शाखाको जिम्मा दिएका गाउँपालिका अध्यक्ष महतोले आफ्नो स्वामित्वमा राखेको रकम कुन कुन शिर्षकमा खर्च गरे भन्ने हर हिसाब देखाउन नसकेका छैनन् ।

# ज्यादति नरोकिए बालेनलाई काठमाडौँ छोड्न पर्ने अवस्था आउन सक्छः साह

**सञ्जय मिश्रा**
**रौतहट ।**



संघीय संसद किरण कुमार साहले कवाडीहरुमाथि गरिरहेको ज्यादति नरोकिए मेयर बालेन्द्र शाह (बालेन)लाई काठमाडौँ छोड्न पर्ने अवस्था आउन सक्ने चेतावनी दिएका छन् । काठमाडौँमा कवाड व्यवसायीहरुको प्रदर्शनमा पुगेका रौतहट क्षेत्र नम्बर २ बाट निर्वाचित सांसद साहले आन्दोलनलाई सिङ्गो नेकपा एमाले पार्टीले साथ सहयोग समर्थन गर्ने प्रतिवद्धता जनाए । महानगरपालिकाले कवाडीहरुमाथि गरेका ज्यादती विरुद्ध आइतबार कवाड व्यवसायीहरुले दोस्रो दिन सड़क प्रदर्शन गरेका छन् । महानगरको गैरकानुनी हस्तक्षेप रोक्न निकालिएको जुलूसलाई सम्बोधन गर्दै सांसद साहले देशमा हरेक नागरिकले बिना रोकटोक व्यापार व्यवसाय गर्न पाउने बताए । उनले काठमाडौँका मेयर बालेनले गरेको हरकत बन्द गर्न नेपाल सरकारको ध्यानाकर्षण समेत गराए ।

बालेनको पछिल्लो कदम तानाशाही भएको भन्दै सिङ्गो एमाले पार्टी साथमा रहेको बताउँदै सडकदेखि सदनसम्म कवाड व्यवसायीको पक्षमा जोरदार आवाज उठाउने प्रतिबद्धता व्यक्त गरे । 'कवाड व्यवसायीहरु बर्षौदेखी काठमाडौँमा रहेर व्यापार गर्दै आएका छन्, मेयर बालेन अदालत र नेपालको कानुनभन्दा माथी छैनन्, कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका तपाईहरुको साथमा छ ।' उनले भने, 'बालेनजी तपाईं जुन उद्योगी, व्यवसायी, श्रमजीविको अधिकार खोस्न लागी पर्नु भएको छ, कहीँ तपाईंलाई काठमाडौँ छोड्न नपरोस् ।' सांसद साहले काठमाडौँलाई सुन्दर सफा र स्वच्छ बनाउन कवाड व्यवसायीको ठूलो भूमिका रहेको भन्दै उनले उपत्यकाबाट दैनिक ७० ट्रक कवाड बाहिर जाने गरेको बताए । काठमाडौँ महानगरालिकाकाले कवाड व्यवसाय बन्द गर्न सूचना जारी गरेपछि उनीहरु आन्दोलित भएका छन् । कावाड व्यवसायीहरुको आन्दोलनलाई आमजनता पार्टीका अध्यक्ष प्रभु साह, जनमत पार्टीका अध्यक्ष डा. सिके राउत, स्वतन्त्र सांसद डा अमरेश कुमार सिंहले समर्थन जनाएका छन् ।

# अनलाइनमार्फत ठगी गर्ने युवा पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्सा तथा बाराका २ जना सहित ४ जना युवालाई प्रहरीले अनलाइनमार्फत झण्डै ५० लाख रुपैयाँ ठगी गरेको आरोपमा काठमाडौँबाट पक्राउ गरेको छ । पक्राउ पर्नेमा वीरगंज महानगरपालिका वडा नम्बर १५ निवासी २४ वर्षीय आकाश साह सोनार, बाराको कलैया उपमहानगरपालिका वडा नम्बर ११ निवासी २२ वर्षीय रामसेवक राम, सर्लाहीका २१ वर्षीय आदित्यकुमार सिंह र २० वर्षीय सिद्धार्थकुमार सिंह रहेका छन् । उनीहरुलाई विभिन्न स्थानबाट पक्राउ गरेर नेपाल प्रहरीको काठमाडौँ उपत्यका अनुसन्धान कार्यालयले आइतबार सार्वजनिक गरेको हो । उनीहरुले फेसबुक, ह्वाट्सएप, ईमो, भाइवर, टिकटक, इन्ट्राग्राम लगायतका सामाजिक सञ्जालको प्रयोग गरेर अनलाइन ठगी गरेको उजुरीको आधारमा प्रहरीले अनुसन्धान अघि बढाएको थियो । उनीहरुले अहिलेसम्म ४९ लाख ५८ हजार आठसय रुपैयाँ गठी गरेको उजुरी परेको कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए । उनीहरुले सामाजिक सञ्जालमार्फत् विभिन्न व्यक्तिसँग सम्पर्क स्थापित गरेर महँगा मूल्यका मोवाइल, आईफोन, सुनका गहना, जुत्ता र कपडा विदेशबाट मागाइदिने, विदेशमा आकर्षक तलबसहितको जागिर लगाइदिने लगायतका प्रलोभनमा पारेर ठगी गर्दै आएका प्रहरी अनुसन्धानबाट खुलेको छ । उनीहरुको साथबाट सात थान मोवाइल सेट, १६ थान सिमकार्ड, २१ थान विभिन्न बैंकका एटीएम कार्ड, १६ थान विभिन्न बैंकमा रकम डिपोजिट गरेका रसिद, ४ थान चेक, राहदानी, सवारी चालक अनुमति पत्र, नागरिकताको प्रमाणपत्र लगायतका कागजातसमेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

# चोरी शिकार नियन्त्रण गर्न सरोकारवाला सक्रिय




**मधेशदृष्टि**
**वीरगंज ।**

समुदायमा आधारित चोरी शिकार नियन्त्रण गर्न 'युवा जागरण राष्ट्रिय अभियान' दिवसको अवसरमा छुट्टाछुट्टै कार्यक्रम सम्पन्न भएको छ । दिवसको अवसर पारेर आइतबार ठोरी गाउँपालिका–५ मा सुनाखरी उपभोक्ता समितिको आयोजनामा सुवर्णपुरमा प्रभातफेरी र निर्मल उपभोक्ता समितिको आयोजनामा निर्मलवस्तीमा वृक्षारोपण गरिएको छ । तराई भूपरिधि कार्यक्रम (ताल) को सहयोगमा सम्पन्न कार्यक्रममा सहभागीहरुले सुनाखरी सामुदायिक होमस्टेको कार्यालयबाट सुवर्णपुर चोकसम्म प्रभातफेरी निकाल्दै संरक्षण सम्बन्धी विभिन्न प्लेकार्ड प्रदर्शन गरेका थिए । 'समृद्धिका लागि संरक्षण, संरक्षणका लागि भाव जगाऔँ' लगायतका नारा लेखिएको प्लेकार्ड प्रदर्शन गरेको समितिका सचिव जीवन श्रेष्ठले जानकारी दिए । यस्तै प्रभातफेरी पश्चात् कार्यक्रमका सहभागीहरुले आइतबार नै सुवर्णपुरमा रहेको ज्ञानवाटिका माविको प्राङ्गणमा वृक्षारोपण गरिएको थियो । कार्यक्रममा सुनाखरी उपभोक्ता समितिका अध्यक्ष भिम बहादुर पाख्रीन, सुनाखरी होमस्टेका अध्यक्ष शम्भुराम पौडेल, पर्सा राष्ट्रिय निकुञ्जका रेन्जर नरेश कुमार रायभर लगायत समितिका पदाधिकारीलगायतको सभागिता रहेको थियो । उता, निर्मलवस्तीमा नेरा आधारभूत विद्यालय निर्मलवस्तीका कक्षा–८ का विद्यार्थी, समितिका पदाधिकारीलायतको सहभागितामा निर्मलबस्ती गाउँ परिक्रममा गर्दै प्रभातफेरी निकालिएको थियो । कार्यक्रममा विद्यार्थीहरुले संरक्षण सम्बन्धी विभिन्न नारा लेखिएको प्लेकार्ड प्रदर्शन गरेको समितिका अध्यक्ष चिन बहादुर श्रेष्ठले जानकारी दिए ।

# ठेकेदारको लापरवाहीले सडक निर्माण अलपत्र

**मधेशदृष्टि**
**वीगरंज ।**

ठेकेदारको लापरवाहीका कारण पर्साको पोखरीया नगरपालिका वडा नम्बर १ बनकटवादेखि सिर्सिया सम्मजाने साढे ५ किलो मिटर पक्की सडक निर्माण कार्य अलपत्र परेको छ । रणनीतिक सड़क योजना अन्तर्गत रहेका पोखरिया नगरपालिका वडा नम्बर १ बनकटवादेखी श्रीसियासम्म जाने २० करोड रुपैयाको लागतमा निर्माण सुरु भएको साढ़े ५ किलो मीटर पक्की सडक ठेकेदारको लापरवाहीले अहिले अलपत्र परेको हो । २ वर्षमा निर्माण सम्पन्न गर्ने गरी अंकित निर्माण सेवाले ठेक्का सकार गरेर २०७९ साल फागुन महिनादेखी काम शुरु गरेको भए पनि हाल निर्माण कम्पनिले भुक्तानी नपाएको भन्दै सडक निर्माण कार्य अलपत्र पारेर छाडेको स्थानीय बताउँछन् । तत्कालिन सांसद हरिनारायण रौनियारको एक निर्वाचन क्षेत्र एक पक्की सडक योजना अन्तरगत सडक निर्माण कार्य शुरु भएको थियो ।

# बस्तीमा बाघ पस्न थालेपछि स्थानीय त्रसित



**मधेशदृष्टि**
**वीरगंज ।**

लगातार बाघको आतंकको कारण पर्साको ग्रामिण क्षेत्रको जनजीवन थप त्रसित भएको छ । पर्साको राष्ट्रिय वनसँग सिमा जोडिएका मानववस्तीहरुमा दिनदहाडै बाघ बस्ती पसेर मानिसलाई आक्रमण गर्ने तथा घरपालुवा जनावर मारेर खाई दिन थालेपछि स्थानीय त्रसित भएका हुन् ।

पर्साको ठोरी, पटेर्वासुगौली गाउँपालिका, सखुवाप्रसौनी गाउँपालिका र पर्सागढी नगरपालिकामा आतंक मच्चाउदै आएको बाघले शनिबार राति जीराभवानी गाउँपालिकाको वडा नं.४ मा सुभाष राउतको बाख्राको खोर भित्रै पसेर बाख्रालाई मार्नुका साथै खसीलाई घिसारे जंगल तर्फ लगेको थियो ।